मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वर्ष ३ • अंक २८२ • २०८२ साल भाद्र १८ गते बुधबार • Wednesday 03, September 2025 • सूर्योदय: बिहान ५:४५ बजे • सूर्यास्त: साँझ ६:२३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## मधेशका दुई जिल्लामा न्यायाधीश सिफारिस

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
न्याय परिषद्ले ६ जना जिल्ला न्यायाधीशको सिफारिस गर्दा रौतहट र धनुषामा पनि दुई जिल्ला न्यायाधीश सिफारिस भएका छन् । सर्वोच्चका उपरजिष्ट्रार अनुपमा पन्त धनुषा जिल्ला अदालत र कानून मन्त्रालयका उपसचिव विश्वदिप वेस्रा रौतहट जिल्ला अदालतको न्यायाधीशमा सिफारिस भएका हुन् । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतको अध्यक्षतामा मंगलबार बसेको न्याय परिषद् बैठकले ६ जिल्ला न्यायाधीश नियुक्तिका लागि सिफारिसको निर्णय गरेको हो ।
जिल्ला सरकारी वकिल कार्यालयबाट गोकुलबहादुर निरौलालाई कैलाली जिल्ला अदालत, उपरजिष्ट्रार अरुणकुमार कोइरालालाई डडेलधुरा जिल्ला अदालत, श्रेस्तेदार कुलप्रसाद दाहाललाई कालिकोट जिल्ला अदालत, सर्वोच्च अदालतका इजलास अधिकृत सूर्यप्रसाद भण्डारीलाई कञ्चनपुर जिल्ला अदालतमा न्यायाधीश सिफारिस भएको छ ।

# नियन्त्रणमा आउँदै हैजा
# कक्षा ८ माथिका पढाइ अनुमति

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको वीरगंज महानगरसहित आसपासमा हैजाको प्रकोप नियन्त्रणमा आउन सकेको छैन । डेढसाता पुग्दा पनि संक्रमितहरु भेटिने क्रम नघटेको हो । हैजाकै कारण लामो समयदेखि बन्द विद्यालयको माथिल्लो कक्षाहरु भने सञ्चालनको तयारी गर्न महानगरले निर्देशन दिएको छ । पर्सामा संक्रमितको संख्या २ सय नजिक पुगेको छ ।
वीरगंज महानगरपालिकाको कार्यालयले मंगलबार बिहान ९ बजे सार्वजनिक गरेको तथ्यांकमा महानगर क्षेत्रमै हैजा संक्रमितको संख्या १ सय ७६ पुगेको उल्लेख गरेको छ । यस्तै, पोखरिया अस्पतालमा सम्पर्कमा आएका झाडापखालाका बिरामीमध्ये हैजा संक्रमितको संख्या १७ पुगिसकेको छ । वीरगंज र पोखरियामा संक्रमितको संख्या १ सय ९३ पुगेको छ । वीरगंजस्थित विभिन्न अस्पतालमा मंगलबार बिहानसम्म ८ सय ९९ झाडापखाला तथा हैजाका बिरामी सम्पर्कमा आएका छन् । तीमध्ये २३ नयाँ बिरामी हुन् । ८ सय ९९ मध्ये ७ सय ९१ उपचारपछि घर फर्किसकेका छन् । वीरगंजमा हैजा संक्रमित १ सय ७६ मध्ये १ सय ६२ उपचारपछि घर फर्किसकेका छन् । १४ संक्रमित विभिन्न अस्पतालमा उपचाररत छन् । १ सय ८ जना झाडापखालका बिरामी वीरगंजको विभिन्न अस्पतालमा उपचाररत छन् । तथ्यांकले नयाँ बिरामी भर्ना हुने दर र उपचार गरी घर फर्किने दर समान देखिए पनि नयाँ बिरामी देखिने क्रम नरोकिएको देखाएको छ । प्रकोप फैलिन नदिन वीरगंज महानगरपालिकाको कार्यालयले एक सातादेखि यहाका सम्पूर्ण शिक्षण संस्था नै बन्द गराएको थियो ।
नारायणी अस्पतालका डा. नीरज सिंहले हैजा हावाबाट नफैलिने र व्यक्तिगत सरसफाइमा ध्यान दिए पूर्ण रूपमा नियन्त्रण गर्न सकिने बताए । उनले उमालेको पानीको प्रयोग, नियमित हात धुने बानी र सरसफाइमा जोड दिन सुझाए । स्वास्थ्य विशेषज्ञहरूले दीर्घकालीन नियन्त्रणका लागि स्वच्छता र पूर्वाधार सुधार आवश्यक रहेको औंल्याएका छन् । महानगरपालिकाले स्थानीयवासीलाई स्वास्थ्य सतर्कता अपनाउन र सङ्क्रमण पूर्ण नियन्त्रणका लागि सहभागिता जनाउन अपिल गरेको छ ।




### कक्षा ८ माथिका पढाइ शुरु

महानगरले हैजा र झाडापखाला सङ्क्रमण क्रमशः नियन्त्रणमा आउँदै गरेकाले कक्षा ८ माथिका पढाइ सञ्चालन गर्न अनुमति दिएको छ । महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेले पहिलो चरणमा कक्षा ८ माथिका कक्षा शुरु गर्ने र अवस्था हेरेर अरु कक्षा सञ्चालनको अनुमति दिने निर्णय भएको बताए ।
लामिछानेका अनुसार, सामुदायिक र निजी विद्यालयका सञ्चालकहरूसँगको छलफलपछि स्वास्थ्य सतर्कता अपनाउँदै कक्षा सञ्चालनको अनुमति दिइएको छ । विद्यालयहरूलाई वास (पानी, सरसफाइ र स्वच्छता) फोकल पर्सन तोक्न, खानेपानीको शुद्धता सुनिश्चित गर्न, बाहिरी खानेकुरामा नियन्त्रण गर्न र सङ्क्रमणको लक्षण देखिएका विद्यार्थीको जानकारी महानगरलाई दिन निर्देशन दिइएको छ ।
वीरगंजमा हैजाको सङ्क्रमण देखिएपछि महानगरले भदौ ८ देखि १७ गतेसम्म विभिन्न चरणमा विद्यालय बन्द गरेको थियो । **समाचार प्रयुक्त तस्बिर एआइबाट बनाइएको हो ।**

# वार्ताबाट सीमा विवाद समाधान




**मधेशदृष्टि**
**मोरङ ।**
राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले मित्र राष्ट्र भारतसँगको सीमा विवाद वार्ता एवं संवादबाट समाधान गर्नुपर्ने बताएका छन् । मोरङ कमिटीद्वारा विराटनगरमा आयोजित पत्रकार सम्मेलनमा उनले भारतसँगको सुदूरपश्चिमको सीमाको कालापानी, लिपुलेक र लिम्पियाधुरा विवाद वार्ता एवम् संवादबाट समाधान गर्न सुझाव दिए । अध्यक्ष महतोले सरकारले मुलुकमा बसोबास गर्ने सम्पूर्ण जातजातिका भाषा, वेशभूषा, धर्म एवम् संस्कृतिको संरक्षण गर्नुपर्नेमा जोड दिए ।
मुलुकका दलहरूले जनताको समृद्धिको चाहना पूरा गर्न एकजुट भएर लाग्नुपर्नेमा उनले जोड दिए ।
सात प्रदेशको सीमाङ्कन अवैज्ञानिक भएकाले यसमा सुधार आवश्यक रहेको धारणा अध्यक्ष महतोले राखे । उनले सङ्घीयतामा सुधार गरी आदिवासी जनजाति, मधेशी, थारुलगायतको पहिचान स्थापित गर्नुपर्नेमा जोड दिए ।

# रोकिएन मधेशमा हत्याहिंसा
# आमाछोरा मृत फेला

**मधेशदृष्टि**
**सिरहा ।**
पछिल्लो समय मधेशमा हत्याहिंसाका घटना बढेको पाइएको छ । हरेक दिन मधेशका कुनै न कुनै भूगोलमा हत्या, हिंसा, शव फेला, कुटपिटबाट मृत्युका समाचार जनता वाकक बनेका छन् । तर यस्ता समाचार आउन छाडेका छैनन् । कानून हातमा लिने क्रम घटेको पनि छैन ।
मंगलबार लहानमा आमा–छोरा मृत फेला परेका छन् । लहान नगरपालिका–१, मटिअर्वामा २३ वर्षीया रञ्जिता चौधरी र ५ वर्षीय छोरा एरोन मृत फेला परेका हुन् । आमाको मृत्युपछि ९ महिनाका नाबालकका बेहाल भएको छ ।
जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी निरीक्षक दीपककुमार सिंहका अनुसार, रञ्जिता झुण्डिएको अवस्थामा फेला परेकी हुन् । उनका जेठा छोरा एरोन खाटमुनि मृत भेटिएका हुन् । ९ महिनाका छोरालाई प्रादेशिक अस्पताल लहानमा प्राथमिक उपचारपछि सप्तऋषि अस्पताल रिफर गरिएको छ । उनको अवस्था गम्भीर रहेको छ । उनीहरू लहान नगरपालिका–१२ भोटिया टोलमा डेरामा बस्दै आएका थिए । घरभित्रबाट चुकुल लगाएको अवस्थामा घटना भएको थियो । सोही घरमा डेरामा बस्ने व्यक्तिले प्रहरीलाई खबर गरेका थिए । त्यसपछि प्रहरी पुगेर ढोका खोलेको थियो ।
दुई जना बच्चालाई विष सेवन गराएको र रञ्जिताले आत्महत्या गरेको आशंका प्रहरीले गरेको छ । उनका श्रीमान प्रविण चौधरी बाहिरै बस्दै आएका थिए । उनी दुई तीन दिनमा घर आउने गरेको भए पनि पछिल्लो समय घरमा नआएको खुलेको प्रहरीले बताएको छ । उनको खोजी भइरहेको सिंहले बताए ।

# एकठाउँमा चीन–भारत–रुस:
# विश्वलाई नयाँ सन्देश



**एजेन्सी**
**बेइजिङ ।**
विश्वका नेताहरू भरिएको बैठक हलमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र रुसका राष्ट्रपति भ्लादिमिर पुटिन एकअर्काको हात समातेर प्रवेश गर्छन् । उनीहरू सोझै चिनियाँ राष्ट्रपति सी चिनफिङतर्फ अघि बढ्छन् । हात मिलाउँछन् र घेरा लागेर उभिन्छन् ।
दोभासे दौडेर आउनुअघि नै उनीहरूबीच केही कुराकानी हुन्छ । पुटिन मज्जाले मुस्कुराउँछन्, मोदी खुलेर हाँस्छन् । एउटा विन्दुमा पुगेपछि मोदीले पुटिन र सी दुवैको हात समात्छन् ।
यी तीन जना पश्चिमसँग बेमेल भएका विश्वका सबैभन्दा शक्तिशाली तीन मुलुकका नेता हुन् । त्यसैले सोमबार पूर्वी चीनमा आयोजित सांघाई कोअपरेसन फोरममा देखिएको उनीहरूको यो ‘ब्रोमान्स’ पश्चिमतिरै लक्षित थियो । नभन्दै यो दृश्यको ज्यादा चर्चा पश्चिममै भइरहेको छ ।
उनीहरूबीचको यो एकताको दृश्यले अनेकौँ सन्देश दिएको विश्लेषकहरूको भनाइ छ । अमेरिका नेतृत्वको विश्व व्यवस्थालाई चुनौती दिँदै आएका सी र पुटिनले वैकल्पिक विश्व व्यवस्थाको नेताको रूपमा आफूलाई उभ्याएका छन् ।
मोदीले दिन चाहेको सन्देश हो– यदि अमेरिकाले पेल्न खोजिरहन्छ भने भारतसँग अरु मित्रहरू पनि छन् । सीमा विवाद भए पनि चीनसँग मिलेर भारतले काम गर्न सक्छ । ‘यो सम्मेलनको एक महत्त्वपूर्ण हिस्सा देखावट हो,’ तक्षशिला इन्स्टिच्युटका मनोज केवलरमानी भन्छन् ।
सीले उद्घाटन भाषणमा प्रस्टै शब्दमा अमेरिकातिर निसाना लगाए । उनले संगठनका सदस्यहरूलाई ‘शीतयुद्धकालीन मनस्थिति, गुटबन्दी र पेलाइ’का विरुद्ध उभिन आह्वान गरे । उनको भनाइमा विश्व व्यवस्था बदल्ने चीनको चाहना स्पष्ट झल्किन्थ्यो र त्यसको नेतृत्व गर्न आफू तयार भएको सन्देश सीले दिएका छन् ।
पुटिनले ट्रम्पसँगको अलस्का समिटको उल्लेख गरे र त्यसबारे सीलाई आफूले ब्रिफिङ गरेको सुनाए । यसले रुसको कूटनीतिक हिसाबकिताबमा चीनको केन्द्रीय भूमिका रहेको संकेत गर्दछ । मोदीले पनि बहुपक्षीयता र सहभागितामूलक विश्व व्यवस्थाको वकालत गरे ।
सी, पुटिन र मोदीबीचको यो सम्बन्ध रुसले प्रस्ताव गर्दै आएको त्रिपक्षीय सहकार्यकै एउटा नमूना थियो । त्यसलगत्तै मोदी र पुटिन सँगै कारमा चढेका थिए । पुटिनको लिमोजिनमा उनीहरूबीच ५० मिनेट वार्ता भएको जनाइएको छ ।
‘उहाँसँगको कुराकानी सधैँ ज्ञानवद्र्धक हुन्छ,’ त्यसपछि मोदीले सामाजिक सञ्जालमा लेखेका छन् ।
विगतमा जोखिम मोल्न नचाहने भारत चीन र रुसका नेताहरूसँग ज्यादा निकटता देखाउनबाट बच्ने गथ्र्यो । तर, ट्रम्पले चर्को भन्सार महसुल लगाइसकेपछि अब अमेरिका रिसाउला कि भन्ने सोच्नुपर्ने अवस्थामा मोदी पुगेका छन् ।
पुटिनसँगको भेटबारे मोदीले सामाजिक सञ्जालमै लेखेका छन्, ‘१.४ अर्ब भारतीय तपाईंलाई नयाँ दिल्लीमा स्वागत गर्न उत्सुकताका साथ प्रतीक्षारत छन् ।’ सीका लागि त यो आफ्नो प्रदर्शनको पहिलो हिस्सा मात्र हो । लगत्तै दोस्रो विश्वयुद्ध अन्त्यको ८० औँ वर्षगाँठका अवसरमा उनले सैन्य परेड आयोजना गर्दैछन् । जहाँ विश्वका कयौँ नेतामाझ चीनले आफ्नो सैन्य क्षमता प्रदर्शन गर्नेछ ।

# डीएसपीले पनि सुन राखेर
# ऋण लिने घरमा प्रहरीको छापा !

**मधेशदृष्टि**
**वीरगंज ।**
तपाईं भएको नगद, सुन समेत बैंकमा राख्नुहुन्छ । सामान्य किनमेल पनि अनलाइनबाट गर्नुहुन्छ । गाउँघरमा त सर्वसाधारण यसो गर्छन् भने काठमाडौँको गोंगबुमा बस्नेले नगर्ने कुरै भएन ।
तर मंगलबार जब प्रहरीले विनोद श्रेष्ठको टाउन प्लानिङस्थित घरमा छापा मार्यो, ४ करोड २५ लाख ५० हजार रुपैयाँ नगद र ९ किलो ८३७ ग्राम सुनको गहना बरामद भएको छ ।
गोरखाको गोरखा नगरपालिका वडा नम्बर–१ घर भएर काठमाडौँ–२६ मा घर बनाएर बसेका श्रेष्ठको घरमा नगद र सुनका गहना भेटिएको हो । उनको घरबाट ९ केजी ८३७ ग्राम सुनका गहना प्रहरीले बरामद गरेको छ ।
घरमा सर्च गर्न पुगेका प्रहरीले चामलको बोराबाट पैसा निकालेर गन्नु परेको हो । ७६ वर्षीय श्रेष्ठको घरमा भेटिएको रकमबारे उनले भने, ‘छोराहरुको एडिबी कम्पनी छ ।’ बैंकमा धेरै रकमको कारोबार गर्न नपाउने भएपछि घरबाट नै कारोबार गर्ने गरेको श्रेष्ठले बताए । उनले भने, ‘बैंकमा ९ लाख रुपैयाँ भन्दा बढी कारोबार गर्न मिल्दैन ।’
उनले धरौटीको रूपमा सुन राखेर पैसा ब्याजमा लगाउने गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ । उनले मिटर ब्याजमा समेत लगानी गरेको अनुमान छ । सुन राखेर कतिपय प्रहरीका अधिकृतसमेत रकम लिन आउने गरेको श्रेष्ठले बताएपछि यसले नयाँ रहस्य पनि सतहमा आएको छ । उनीकहाँ डिएसपीहरुसमेत सुन राखेर पैसा लिन गएको पाइएको छ ।
श्रेष्ठले धरौटीमा राखेको गहना पसलेलाई बेच्ने गरेका छन् । सुन पसलेहरू पनि उनीकहाँ सुन लिन जाने गरेको खुलेको छ । उनको घरमा ३ केजी २१८ ग्राम चाँदी पनि प्रहरीले बरामद गरेको छ ।

# ज्यानमारा कृषिमोटर, चार दिनमा ३ को मृत्यु

**मधेशदृष्टि**
**बारा ।**
बारामा सिँचाइका लागि प्रयो भएका कृषि मोटर ज्यानमारा र मान्छे मार्ने धराप सावित हुँदै गएका छन् । कृषि मोटर सर्वसाधारणको ज्यान लिने मेसिनका रुपमा परिचित हुन थालेको छ । पछिल्लो चार दिनमा यस्ता मोटरमा प्रवा भएको विद्युतीय करेन्टले दुई महिलासहित तीन जनाको ज्यान लिएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार शुक्रबार सिम्रौनगढ नगरपालिका–७, झवानी टोलकी ४५ वर्षीय कैलसिया देवी रामको खेतमा काम गर्ने क्रममा बिग्रिएको विद्युतीय तारबाट करेन्ट चुहावट हुँदा घटनास्थलमै मृत्यु भयो । यसअघि बिहीबार सिम्रौनगढ नगरपालिका–२, अमृतगञ्जका ६५ वर्षीय रामेशवर महतो कुशवाहाको पनि करेन्ट लागेर मृत्यु भएको थियो ।

यसैगरी, आइतबार दिउँसो सिम्रौनगढ नगरपालिका–९, कचोर्वाकी ५० वर्षीय अनिता देवी यादवको घाँस काट्ने क्रममा हँसियाले सिँचाइका लागि जडान गरिएको विद्युतीय मोटरको तार काट्दा करेन्ट लागेर घटनास्थलमै मृत्यु भयो । जिल्ला प्रहरी कार्यालयका अनुसार, बारामा प्रत्येक वर्ष कृषि मोटरबाट करेन्ट लागेर एक दर्जन नागरिकले अनाहकमा ज्यान गुमाउने गरेका छन् । विद्युतीय लाइन र उपकरणको प्रयोगमा सावधानी नअपनाउँदा यस्ता दुर्घटना बढिरहेको प्रहरीको भनाइ छ ।

घटनाले कृषि कार्यमा विद्युतीय उपकरणको प्रयोग गर्दा सुरक्षा मापदण्ड अपनाउनुपर्ने आवश्यकताबारे सचेतना दिन जरुरी देखिएको छ । स्थानीय सरकारले यसबारे सचेतनाका कार्यक्रम दिनु पर्ने आवाज उठेको छ ।

# जनतालाई सहज रुपमा सेवा पुऱ्याउने प्रतिबद्धता

**मधेशदृष्टि**
**बारा ।**
बाराका प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेलले पदभार ग्रहण गर्दै सजिलो सेवा प्रवाह, प्रभावकारी प्रशासनिक समन्वय र शान्ति–सुरक्षा सुनिश्चितता आफ्नो मुख्य प्राथमिकता हुने बताएका छन् । जिल्ला प्रशासन कार्यालयमा पत्रकारहरूसँगको परिचयात्मक कार्यक्रममा उनले सरकारका प्रमुख प्रतिनिधिका रूपमा जिल्लाका सबै निकायसँग सहकार्य गर्दै जनतालाई सहज रूपमा सेवा पु-याउने प्रतिबद्धता व्यक्त गरे । सो अवसरमा पत्रकारहरूले सरकारी कार्यालयमा हुने ढिलासुस्ती, बिचौलियाको सक्रियता, सडक सुरक्षा, यातायात र पार्किङ व्यवस्थापन, चोरी–तस्करी नियन्त्रण, बजार तथा शिक्षा–स्वास्थ्य क्षेत्रको अनुगमनमा ध्यान दिन सुझाव दिएका थिए । साथै, सेवाग्राहीका लागि टोकन प्रणाली, पार्किङ र शौचालय सुविधा बनाउन पनि आग्रह गरिएको थियो ।

# इन्सेफ्लाइटिसबाट जोगिन झुल वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र श्रीपुर–मुर्लीको आयोजना र लायन्स क्लब अफ वीरगंज आदर्शनगर डिस्ट्रिक्ट ३२५ एसको सहयोगमा मङ्गलवार वीरगंज महानगरपालिका–११ मा डेंगी, जापानी इन्सेफ्लाइटिसबाट जोगिन स्थानीयहरूलाई झुल वितरण गरिएको छ ।

साथै, रोगहरूबाट बच्न स्वास्थ्य सतर्कता अपनाउन र चिकित्सकहरूको सुझाव लिन स्थानीयहरूलाई आग्रह गरिएको छ ।

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र श्रीपुर–मुर्लीका अध्यक्ष राम कुमार सर्राफको सभापतित्वमा भएको कार्यक्रममा वीरगंज महानगरपालिका–११ का तिन सय भन्दा बढी परिवारलाई पुग्ने गरी झुल वितरण गरिएको थियो ।

## गैर बैकिंग अचल सम्पत्ति शिलबन्धि लिलाम बिक्री सम्बन्धी पुनः ७ (सात) दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैकिंग अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोहि अवस्था र परिमाणमा एकमुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर मिति २०८२/०४/२९ गते मधेशदृष्टिको गोप्य शिलबन्दी बोलपत्र मार्फत १५ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो गैर बैकिंग अचल सम्पत्तिहरु पुनःलिलाम सुचना प्रकाशित भएको **मितिले ८ औं दिन (८ औं दिन बिदा परकोमा त्यसको लग्तै बैंक खुलेको दिन) मिती २०८२/०५/२५ गते बुधवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा आईपुग्ने गरी** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गर्दा समेत गरिने हुदाँ उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनु हुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६, गितामन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरिन्छ ।

**तपसिल**

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|
| पर्सा ,बर्वागोग ६ (हाल वीरगंज म.न.पा. वडा नं. १९) | १५ | ६०९.५१ (०-१-१६-०) |
| पर्सा, विरगंज उ.म.न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११) | ८८ | ४०२.०० |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११७ | १०१.५८ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११८ | २२८.०३ |
| रामगढवा ०३ ,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४) | २९० | ७३०.०० |
| मजडिहा पिप्रा ०८,पर्सा | ३०९ | ०-०-१०-० |
| प्रसौनि विर्ता ०२,पर्सा | २५२ | ००३३८.६३ |
| प्रसौनि विर्ता ०४,पर्सा | ६९<br>७१ | ०१३५.३०<br>००३४.०० |
| प्रसौनि विर्ता ०७,पर्सा | २८९ | ००९६.५० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १५४२ | ०-०-१० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३४ | ०-४-११-१/४ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १०९७ | ०-९-२.५ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३३ | ०-४-११.२५ |
| हरिवन वडा नं. ०८(क) ,सर्लाही | १० | ०-१९-५ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४४ | ०-१-७ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४३ | ०-१-० |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ९३७ | ०-१-३ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | २८० | ०-११-८ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८० | ०-५-११ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८१ | ०-५-१० |
| हरिपुर वडा नं. ०६(क) ,सर्लाही | १९९ | ०-८-० |
| वि.उ.म.न.पा. वडा नं. १५,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.१२) | २३ | ३२१.६० |
| लिपनिबिर्ता वडा नं.०६,पर्सा (हाल वीरगंज म.न.पा. वडा नं.२१) | ५५ | ८८.७५ |
| फाखेल वडा नं. ०१ ,मकवानपुर | ३७ | १-५-०-०(रोपनी) |

**शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा वा विकास बैंकको नाममा जारी गरिएको क, ख वा ग बर्गको बैंक वा बित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफटको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ भाद्र २४ गते मंगलवार दिउँसो ४:०० बजे सम्म**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ भाद्र २५ गते बुधबार दिउँसो ४:०० बजे( ८ औ दिन बिदा परेकोमा)**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज, पर्सा ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर), बरहथवा, बर्दिबास ।

# युवालाई स्वदेशमै रोक्न कोशेढुङ्गा साबित हुने विश्वास

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा मंगलवार नेपाली चलचित्र 'कोशेढुङ्गा' को विशेष प्रदर्शनी सम्पन्न भएको छ । 'पूर्ण बहादुरको सारङ्गी' जस्तो सफल चलचित्र निर्देशन गरेका निर्देशक सरोज पौडेलको कथा र निर्देशनमा बनेको 'कोशेढुङ्गा' ले वीरगंजमा दर्शकको मन जितेको हो । चलचित्र पत्रकार संघ नेपाल पर्साले कोशेढुङ्गा चलचित्र निर्माण पक्ष र क्यु एफ एक्स सिनेमा हल वीरगंजको समन्वयमा विशेष प्रदर्शनीको आयोजना गरेको थियो । चलचित्रले वर्तमान नेपाली समाजको यथार्थलाई जीवन्त रूपमा उतार्दै युवालाई स्वदेशमै बस्न र आफ्नै माटोमा पौरख गर्न प्रेरित गर्ने सन्देश दिएको वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि प्रसाद गौतमले बताए । उनले भने, 'कोशेढुङ्गा साँच्चिकै उत्कृष्ट बनेको छ । यसले युवाहरुलाई विदेशिने सोच बदल्न कोशेढुङ्गा साबित हुने विश्वास लिएको छु ।' श्रीजंग गणका गणपति लोकेन्द्र



कार्कीले पनि गौतमको भनाइमा समर्थन जनाउँदै चलचित्रले विदेशमा पनि सहज छैन भन्ने सन्देश दिएको बताए । युवाले स्वदेशमै अवसर खोज्ने प्रेरणा पाउने उनको बुझाइ छ । अनुसन्धान उपनिर्देशक सन्तोष ढुङ्गेलले कथा मन छुने रहेको प्रतिक्रिया दिएका छन् । 'विशेषगरी गाउँको परिवेश र सर्वसाधारणको जीवनलाई जस्ताको तस्तै पर्दामा उतारिएको छ । यसले भावुक मात्र बनाउँदैन, सोच्न पनि बाध्य बनाउँछ,' उनले भने । वीरगंज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेले प्लस टु पढेका र विदेश जाने तयारीमा रहेका युवाले अनिवार्य रूपमा हेर्नुपर्ने चलचित्र भएको बताए । त्यस्तै, महिला उद्यमी एवम् समाजसेवी गुड्डी जोशीले महिलाप्रधान कथालाई सरल ढंगले प्रस्तुत गरिएको उल्लेख गर्दै विवाहदेखि सामाजिक दबाबसम्म महिलाले भोग्नुपर्ने वास्तविकता चलचित्रमा जीवित भएको बताइन् । विशेष प्रदर्शनीमा भोजपुरी कलाकार प्रदेशी साह, भोजपुरी गायक सुनिल पण्डित, नेपाल प्रिजेन्टर्स एसोसिएसनका अध्यक्ष विवेक खतिवडा, वीरगंज महानगरपालिकाका प्रमुखका प्रेस सल्लाहकार नवराज फुयाल, प्याब्सन पर्साका सचिव अशोक सङ्ग्रौला लगायतले चलचित्रलाई उत्कृष्ट भन्दै हेर्न नछुटाउने सुझाव दिएका थिए । चलचित्रमा सुरक्षा पन्त, मञ्जिल कुमार, आर्यन सिग्देल, ऋचा शर्मा, स्नेहा जोशी लगायतका कलाकारले अभिनय गरेका छन् । चलचित्रलाई वीरगंज मात्र नभई देशव्यापी रूपमा दर्शकले रुचाइरहेको कार्यकारी निर्माता दिनेश खड्काले बताए । उनले भने, 'हामीले दर्शकको अपार माया पाइरहेका छौँ । अहिले कलाकारसहितको टिम देशदौडामा निस्किएको छ, दर्शकसँग प्रत्यक्ष भेटघाट गर्दै चलचित्रको प्रतिक्रिया लिने यात्रा हामीले नेपालगञ्जबाट शुरु गरेका छौँ ।' मंगलबारदेखि नेपालगञ्जबाट शुरु भएको यात्रा दाङ, बुटवल, पोखरा, बुटवल, चितवन, हेटौडा हुँदै वीरगंज आउने योजना रहेको उनले बताए ।

# धानखेती डुबानले नष्ट भएपछि सिँघाराखेती गर्दै किसान

**महोत्तरी ।**
गत साउनमा आएको वर्षापछिको डुबानले धानखेती नष्ट भएपछि जलेश्वर नगरपालिका–८ का किसानले विकल्पमा सिँघाराखेती गर्न थालेका छन् । यहाँको करिब २०० बिघा क्षेत्रफलमा लगाइएको धानबाली डुबान नष्ट गरेपछि किसानहरूले अहिले वैकल्पिक रूपमा सिँघाराखेती गर्न थालेका हुन् ।

समयमा पानी नपरेपछि ढिलो गरी रोपाइँ गरेका यहाँका किसानको बाली रातो खोलामा थुनेर राखिएको पानीले बाढीको रुप लिएपछि करिब २०० बिघा क्षेत्रफलको धानखेती नष्ट भएको थियो । पुनः धानखेती गर्न नसकिने गरी खेतका फाँटहरूमा पानी भरिएपछि वैकल्पिक रूपमा सिँघाराखेती गर्न थालिएको किसान मनोज साहले बताए । यस क्षेत्रमा बर्सेनि धानखेती डुबानमा पर्ने गरेको भन्दै यसले आर्थिक क्षतिका साथै शारीरिक परिश्रमसमेत खेर जाने गरेको उनको भनाइ छ । उनका अनुसार अहिले यहाँका दर्जनौँ किसान वैकल्पिक रूपमा सिँघाराखेतीतर्फ आकर्षित हुँदै गएका छन् । प्रत्येक वर्ष रोपेको धानबाली डुबेर आर्थिक क्षति भइरहेको देखेपछि कम लगानी र मेहनतमा मनग्य आम्दानी हुने सिँघाराखेतीतर्फ किसान आकर्षित हुँदै गएका स्थानीय चन्देश्वर साहले बताए । यहाँमात्रै नभएर धानखेतीको सुनिश्चित नहुने क्षेत्रमा कम लगानी गरी मनग्य आम्दानी हुने भएको विकल्प छनोट गर्नुपर्नेमा उनले जोड दिए । सदरमुकाम जलेश्वर र वरिपरिका सयौँ बिघा पानी जमेर धानबाली नष्ट भएपछि विकल्पमा सिँघारा (फल) खेती शुरु गरिएको जलेश्वर नगरपालिका–१ वडाध्यक्ष अनिलकुमार झाले बताए । उनका अनुसार जमेको पानीमुनि लहरामा फल्ने सिँघारा एक प्रकारको गुलियो फल हो । यो फल स्वास्थ्यका पोष्टिकतत्वले भरिएको हुने भएकाले स्थानीस्तरमा लोकप्रिय छ । गत साउन १५ पछि आएको बाढीका कारण जलेश्वरका अधिकांश खेती डुबानमा परेपछि किसानको सहजताका लागि खेत तथा पोखरीमा सिँघाराखेती शुरु गरिएको जलेश्वर–२ का वडाध्यक्ष वरुण दाहालले बताए । वर्षौंदेखि बाँझो रहेको जलाशयमा यहाँ ५०–६० परिवारले खेती शुरु गरेको जलेश्वर–४ का किसान रामजनम सहनीले बताए । स्वाद मीठो र लोकप्रिय सिँघारा असोजदेखि बिक्रीका लागि तयारी हुन्छ । सिँघारा प्रतिकिलो १२० देखि १८० सम्म बिक्री हुने भएकाले लाखौँ आम्दानी गर्न सकिने जलेश्वर–२ का दिलचन मुखियाले जानकारी दिए । मिथिलाञ्चलमा पूजाआजा गर्दा प्रसादका रूपमा प्रयोग हुने सिँघारा बालबालिका, बूढापाका र पेटका रोगीले बढी मनपराउने किसान जीबछ मोमिनले बताए । सिँघारा बेचेर प्रतिकिसान दुई–तीन लाखसम्म आम्दानी गर्न सकिने जलेश्वर–९ का किसान सिया यादवको भनाइ छ । बाह्रै मास पानीले भरिभराउ रहने जलेश्वर र वरपरका क्षेत्रमा सिँघाराको व्यावसायिक खेती प्रवद्र्धन र विकासका लागि महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने स्थानीय कृषि कार्यालयसँग सयौँ बिघामा हुने सिँघाराखेतीबारे कुनै अभिलेख छैन । जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीले सिँघाराखेतीलाई प्रवद्र्धन गर्नुपर्ने र मौसमी उद्योगका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । यो खेती गर्ने किसानका लागि सङ्घले विशेष योजनासहित प्रोत्साहनमूलक कार्यक्रम ल्याउने उनले प्रतिबद्धता जनाए । रासस

# हराएको स्कुटी फेला पारी सम्बन्धित धनीलाई हस्तान्तरण

**मधेशदृष्टि**
**बारा ।**
बारा प्रहरीले हराएको स्कुटी फेला पारी सम्बन्धित धनीलाई हस्तान्तरण गरेको छ । २०८१ माघ १२ गते राति ११ बजे वीरगंज महानगरपालिका–१६ भन्सार क्षेत्रबाट हराएको प्रदेश २–०३–०१४ प १९२९ नम्बरको स्कुटीको खोजीका लागि प्रहरीमा उजुरी परेको थियो ।

त्यसपछि खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा वैशाख ११ गते साँझ साढे ६ बजे बाराको परवानीपुर गाउँपालिका–३ स्थित नबिल बैंकको ग्राउन्डमा उक्त स्कुटी बेवारिसे अवस्थामा फेला पारेको थियो ।

फेला परेको स्कुटीलाई प्रहरी कार्यालयमा राखिएको थियो ।

अन्ततः, स्कुटीका धनी बारा, परवानीपुर गाउँपालिका–५ बस्ने योगेन्द्र प्रसाद गुप्तालाई मंगलबार सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरी स्कुटी हस्तान्तरण गरिएको प्रहरीले जनाएको छ ।

# डायलासिस गर्ने बिरामीको सङ्ख्या बढ्दै

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा मिर्गौला रोगीहरूको संख्या तीव्र रुपमा बढेसँगै डायलासिस सेवा दिनको तीन सिफ्टमा सञ्चालन गर्नुपरेको छ । बिरामीहरूको चाप बढेपछि अस्पताल व्यवस्थापनले बिहान, दिउँसो र बेलुकी गरी निरन्तर डायलासिस सेवा उपलब्ध गराइरहेको हो । अस्पतालको डायलासिस वार्डका इन्चार्ज मनोज देवका अनुसार हाल ४७ जना बिरामी नियमित रूपमा डायलासिस गराइरहेका छन् । तीमध्ये ३९ जना पुरुष र ८ जना महिला रहेका छन् । बिरामीमध्ये १७ जना वैदेशिक रोजगारीबाट फर्केकाहरू छन् । उनका अनुसार डायलासिस गराउनेमा सबैभन्दा बढी १९ देखि ४० वर्ष उमेर समूहका युवाहरू रहेका




छन् । डायलासिस वार्डमा हाल दैनिक १५ देखि १७ जना बिरामीको डायलासिस भइरहेको छ । स्थानीय तह र जिल्ला प्रशासन कार्यालयको सिफारिससहित आएका बिरामीलाई सरकारले तोकेको मापदण्डअनुसार निःशुल्क सेवा दिइँदै आएको छ । तर, प्रक्रिया पूरा नगरी आकस्मिक रूपमा आउने बिरामीलाई भने अस्पतालले प्रति डायलासिस ४ हजार रुपैयाँ शुल्क लिने गरेको छ । इन्चार्ज देवका अनुसार वैदेशिक रोजगारीमा गएका युवाहरूले खानपानमा बेवास्ता गर्दा मिर्गौला रोगी बढेका हुन् । 'ब्वायलर कुखुराको मासु अत्यधिक खाने, पानीको सट्टा चिसा पेयपदार्थ (कोल्ड ड्रिङ्क्स) पिउने बानीले मिर्गौला फेल हुने समस्या देखिएको छ,' उनले भने । उनले विदेश गएका मात्र नभई सबै नागरिकलाई खानपान र जीवनशैलीमा सजग रहन आग्रह गरे । अस्पतालले निकट भविष्यमै मिर्गौला रोगीहरूको उपचारमा थप सुविधा दिने तयारी गरेको छ । दुई हप्ताभित्र तीन बेड क्षमताको सेरोलोजी पोजेटिभ बिरामीका लागि छुट्टै डायलासिस सेवा सञ्चालनमा ल्याइने अस्पतालले जनाएको छ । बढ्दो चापका कारण अस्पतालमा डायलासिस सेवामा अझै सहजता ल्याउन आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ ।
सप्तरी जिल्लाभित्र मात्र नभई छिमेकी जिल्लाबाट समेत बिरामी आउने भएकाले यस अस्पताललाई मिर्गौला उपचारको प्रमुख आश्रयस्थलका रूपमा लिन थालिएको छ ।

# दलित छात्रावास निर्माण गर्ने सिंहको घोषणा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले वीरगंजमा अध्ययनरत दलित विद्यार्थीहरूका लागि महानगरपालिकाले दलित छात्रावास निर्माण गर्ने घोषणा गरेका छन् ।
वीरगंजमा नेपाल पासवान संघ पर्साले आयोजना गरेको बृहत् पासवान भेलालाई सम्बोधन गर्दै मेयर सिंहले दलित विद्यार्थीहरूको आवासीय समस्या समाधान गर्न महानगरपालिकाले यही वर्षमा दलित छात्रावास निर्माण गर्ने बताए ।
उनले दलित विद्यार्थीहरूको शैक्षिक यात्रामा सहजता ल्याउन छात्रावास आवश्यक भएको बताए । मेयर सिंहले दलितहरूको अवस्था सुधार नआउनुमा आंशिक कारण दलित स्वयं र दलित अगुवाहरू पनि रहेको टिप्पणी गरे ।
भेलामा भारतको अल इन्डिया पासवान एकता मञ्चका अध्यक्ष निरञ्जन पासवानले नेपाल–भारतबिचको ऐतिहासिक मित्रता जस्तै नेपाल र भारतका पासवान जातिबिचको आपसी सम्बन्धलाई मजबुत बनाउनुपर्नेमा जोड दिए ।

# भूमाफियालाई लाभ पुर्याउन भूमी विधेयक ल्याइयोः त्रिपाठी

**मधेशदृष्टि**
**सप्तरी ।**
जनता प्रगतिशिल पार्टी नेपालका अध्यक्ष हृदयेश त्रिपाठीले अव्यवस्थित बसोवासी र सुकुम्वासीलाई ध्यानमा राखी ल्याउन लागिएको भनिएको भूमि विधेयकले समस्या समाधान नगर्ने भन्दै विधेयक पास भएमा तराई मधेशमा मरभूमीको खतरा बढ्ने बताएका छन् । मंगलबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि उनले यस्तो आरोप लगाएका हुन् ।
बुधबार राजविराजमा आयोजन हुन लागेको संघीय लोकतान्त्रिक मोर्चाको जनजागरण अभियान कार्यक्रमलाई सम्बोधन गर्न मंगलबार राजविराज आइपुगेका उनले पत्रकार सम्मेलनमा सरकारले ल्याएको




भूमी विधेयक पास भए भूमाफियाहरुलाई नै फाइदा हुने दाबी गरे ।
विधेयक पास भएमा चुरे माथिको अतिक्रमण अझ बढ्ने र चुरे विनासले भूमिगत जलस्तरको पुर्नभरण प्रभावित हुदा मधेशका जिल्लाहरुमा जल संकट बढेर जाने उनले बताए । सरकारले दाबी गरे अनुसार विधेयकले भूमि सम्बन्धी समस्या समाधान नगर्ने दाबीका साथ उनले भूमि समस्या समाधानका नाममा हुने चलखेल आफूहरुलाई स्वीकार्य नरहेको स्पष्ट पारे ।
चुरेमाथीका अतिक्रमणका कारण नै अहिले मधेशमा जलसंकट देखिएको कुरा आफूहरुले मात्र नभई स्वतन्त्र विज्ञहरुले समेत बताइरहेपनि सरकारी विज्ञहरुले अर्कै अर्कै कारण देखाई जनतालाई भ्रममा पार्न खोजेको उनको भनाई थियो ।

# नेशनल मेडिकल कलेज र रोट्र्याक्ट क्लबबीच स्वास्थ्य सेवा सम्बन्धी सहकार्य

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित अग्रणी स्वास्थ्य संस्था नेशनल मेडिकल कलेज प्रा.लि. र रोट्र्याक्ट क्लब अफ युनाइटेड वीरगंजबीच स्वास्थ्य सेवा सम्बन्धी सहकार्य गर्ने उद्देश्यसहित सहमति पत्रमा हस्ताक्षर गरिएको छ । यो सहमतिपत्रमार्फत क्लबका सदस्य र तिनका प्रत्यक्ष आश्रितहरूले सहज, गुणस्तरीय र सहुलियतमा आधारित स्वास्थ्य सुविधा प्राप्त गर्ने व्यवस्था गरिएको छ । नेशनल मेडिकल कलेज तथा टिचिङ हस्पिटलको कार्यालय परिसरमा सम्पन्न कार्यक्रममा दुवै संस्थाका पदाधिकारी तथा सदस्यहरूको उपस्थितिमा



सम्झौता गरिएको हो । प्रारम्भिक चरणमा सहमति पत्र एक वर्षका लागि रहने र आपसी मूल्यांकनपछि नविकरण गर्न सकिने व्यवस्था गरिएको छ । सहमति अनुसार क्लबका सदस्यलाई आपतकालीन अवस्थामा 'ग्यारेन्टी अफ पेमेन्ट' को आधारमा तुरुन्त उपचार उपलब्ध गराइनेछ । त्यस्तै, दुवै संस्थाको सहकार्यमा समय–समयमा स्वास्थ्य शिविर र अन–साइट क्लिनिक सञ्चालन गर्ने योजना पनि गरिएको छ । यसबाट प्रत्यक्ष लाभ क्लबका सदस्य तथा उनीहरूको परिवारले उठाउनेछन् । नेशनल मेडिकल कलेजले क्लबका लागि ओपीडी टिकट, बेड सुविधा, सर्जरी, विभिन्न परीक्षण, इमेजिङ सेवा र फार्मेसीसम्मका सेवामा विशेष छुट उपलब्ध गराउनेछ । सहमतिअनुसार दुवै पक्षबीच आदानप्रदान हुने सम्पूर्ण जानकारीलाई गोपनीय राखिने प्रावधानसमेत राखिएको छ ।
कार्यक्रममा नेशनल मेडिकल कलेज प्रा.लि.को तर्फबाट शैक्षिक निर्देशक डा. रुबी श्रेष्ठ यस्मिन, प्रमुख सूचना अधिकृत इन्जिनियर प्रदीप चौधरी, मार्केटिङ म्यानेजर जितेश चन्द्र दास, प्रशासन अधिकृत विश्वनाथ कन्थ र प्रशासन अधिकृत पप्पु सिंहको उपस्थिति थियो । रोट्र्याक्ट क्लब अफ युनाइटेड वीरगंजको तर्फबाट अध्यक्ष रोशनी भट्टराई, सचिव सुजल ठाकुर, चार्टर्ड अध्यक्ष राजिश कुमार चौधरी, सह–सचिव तथा प्रोफेशनल सेवा संयोजक सौरभ पोखरेल लगायत सदस्यहरू आर्यन ठाकुर, उत्तम मण्डल, सागर रेग्मी, प्रीती सुवेदी, सारोसी श्रेष्ठ र विद्या भारती सहभागी भएका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै शैक्षिक निर्देशक डा. श्रेष्ठ यस्मिनले नेशनल मेडिकल कलेजको सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएको यो सहकार्य समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने महत्वपूर्ण कदम भएको बताइन् । उनले युवाहरूमार्फत समाजमा स्वास्थ्य सचेतना फैलाउने काममा रोट्र्याक्ट क्लबसँगको सहकार्य टेवा पुर्याउने उल्लेख गरिन् । त्यस्तै, रोट्र्याक्ट क्लब अफ युनाइटेड वीरगंजकी अध्यक्ष रोशनी भट्टराईले क्लबका सदस्य र उनीहरूका परिवारले गुणस्तरीय स्वास्थ्य सेवा सहजै पाउने भएकाले यो सम्झौता क्लबका लागि महत्वपूर्ण उपलब्धि भएको धारणा राखिन् । उनले आगामी दिनमा पनि यस किसिमका सहकार्यलाई निरन्तरता दिन इच्छुक रहेको बताइन् ।




# मस्यौदा सुधारको माग गर्दै गृहमन्त्रीलाई ज्ञापन

**मधेशदृष्टि**
**वीरगंज ।**
गैरसरकारी संस्था महासंघ नेपाल, जिल्ला शाखा पर्साले संघसंस्था सम्बन्धी विधेयक २०८२ को मस्यौदा सुधारको माग गर्दै गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । महासंघले प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदीमार्फत बुझाएको ज्ञापनपत्रमा हालै सार्वजनिक 'संघसंस्था दर्ता नियमन तथा व्यवस्थापन सम्बन्धी कानुन एकीकरण विधेयक, २०८२' नागरिक समाजमैत्री नभई नियन्त्रणमुखी रहेको उल्लेख गरिएको छ । ज्ञापनपत्रमा विधेयकले नागरिक स्वतन्त्रता, सहभागिता र पारदर्शिताका साझा मूल्यहरू कमजोर गर्ने प्रावधान रहेको दाबी गर्दै लोकतान्त्रिक मूल्य–मान्यता र संवैधानिक अधिकार सुनिश्चित हुने गरी विधेयक पुनर्लेखन गर्न माग गरिएको छ । ज्ञापनपत्र बुझाउन महासंघ पर्साका अध्यक्ष छठु साहको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय पुगेको टोलीमा उपाध्यक्ष नरेश जयसवाल, उपाध्यक्ष निरज साह, सचिव चन्देश चौहान, कोषाध्यक्ष मनोज यादव, साथै विभिन्न नागरिक समाजका प्रतिनिधिहरू सहभागी भएका थिए ।

# ५५ किलो गाँजासहित युवक पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको ईश्वरपुर नगरपालिका–४ स्थित पुर्व–पश्चिम राजमार्गको दोस्रो लच्कामा प्रहरीले विशेष सूचनाको आधारमा छापामारी ५५ किलोभन्दा बढी गाँजासहित एक युवकलाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार संयुक्त प्रहरी टोलीले ३२ वर्षीय संजिव भुजेललाई पक्राउ गरेको हो । भुजेल ईश्वरपुर नगरपालिका–१२ घारीबथानका स्थानीय हुन् । प्रहरीले राजमार्ग छेउमा शंकास्पद रुपमा बसेका भुजेललाई चेकजाँच गर्दा उनले राखेको तीनवटा सेतो प्लास्टिकको बोरा फेला परेको थियो ।
परालले छोपेर लुकाइएको ती बोरामा ५५ किलो २२० ग्राम गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी निरीक्षक बालिस्टर सिंहले जानकारी दिए । प्रहरी टोली जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी निरीक्षक रबिन्द्र कार्की र इलाका प्रहरी कार्यालय केसरेगञ्जका प्रहरी निरीक्षक उमाकान्त जोशीको



कमाण्डमा खटिएको थियो । बरामद गरिएको गाँजा सहित पक्राउ परेका भुजेललाई इलाका प्रहरी कार्यालय केसरेगञ्जमा राखी अनुसन्धान भइरहेको छ । भदौ १७ गते सर्लाही जिल्ला अदालतले उनलाई सात दिन थुनामा राखी थप अनुसन्धान गर्न आदेश दिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार प्रतिबन्धित लागू औषध ओसार–पसार भइरहेको भन्ने विशेष सूचनाको आधारमा उक्त छापा मारिएको हो । पक्राउ गरिएको स्थान इलाका प्रहरी कार्यालय केसरेगञ्जबाट करिब १० किलोमिटर पूर्व–उत्तर पर्छ ।

सम्पादकीय

# हैजा नियन्त्रणमा तर रोकिएन संक्रमण

पर्साको वीरगंजमा हैजाको प्रकोप फैलिएको डेढ साताभन्दा बढी भएको छ। हैजा लगभग नियन्त्रणमा छ, डराउनु पर्ने अवस्था छैन तर संक्रमण ठप्पै रोकिएको पनि छैन। वीरगंजसहित पर्साका विभिन्न स्थानीय तहमा संक्रमितको संख्या २ सयको हाराहारीमा छ। वीरगंज महानगरपालिकाको कार्यालयले मंगलबार बिहान ९ बजे सार्वजनिक गरेको तथ्यांकमा महानगर क्षेत्रमा मात्रै हैजा संक्रमितको संख्या १ सय ७६ छ। पोखरिया अस्पतालमा सम्पर्कमा आएका झाडापखालाका बिरामीमध्ये हैजा संक्रमितको संख्या १७ पुगिसकेको छ। वीरगंज र पोखरियासहित पर्सा जिल्लामा संक्रमितको संख्या १ सय ९३ पुगेको हो। वीरगंजस्थित विभिन्न अस्पतालमा मंगलबार बिहानसम्म ८ सय ९९ झाडापखाला तथा हैजाका बिरामी सम्पर्कमा आएका थिए। तीमध्ये २३ नयाँ बिरामी हुन्। ८ सय ९९ मध्ये ७ सय ९१ उपचारपछि घर फर्किसकेका छन्। वीरगंजमा हैजा संक्रमित १ सय ७६ मध्ये १ सय ६२ उपचार पछि घर फर्किसकेका छन्। १४ संक्रमित अझै बिभिन्न अस्पतालमा उपचाररत छन्। हाल १ सय ८ जना झाडापखालका बिरामी वीरगंजको विभिन्न अस्पतालमा उपचाररत रहेको महानगरको तथ्यांक छ। तथ्यांकले नयाँ बिरामी भर्ना हुने दर र उपचार गरी घर फर्किने दर समान देखिए पनि नयाँ बिरामी देखिने क्रम नरोकिँदा भने नियन्त्रणमा समस्या बनेको हो। प्रकोप थप फैलिन नदिन वीरगंज महानगरपालिकाको कार्यालयले एक सातादेखि सम्पूर्ण शिक्षण संस्था नै बन्द गराएको छ। उपचार प्रभावकारी बनाएको छ। औषधीमा समस्या छैन। नमूना परीक्षण जारी छ। फेरि पनि संक्रमण नियन्त्रणमा नआउनुमा खानपान र व्यवहार सुधारमै स्थानीयस्तरमै जोड दिन जरुरी देखिएको छ।

# लगानी सम्मेलनः सुदूरपश्चिम सम्भावनाको द्वार, लगानीको गन्तव्य



नृपबहादुर सुनार

अपार सम्भावना हुँदाहुँदै विगतमा सुदूरपश्चिम प्रदेशमा विकासले गति लिन सकेन । त्यसैले गरिबी, दुःख, अभाव, बेरोजगारी र कठिनाइ यस प्रदेशको परिचयजस्तै बन्यो । गणतन्त्र स्थापनापछि भने यो परिचय बदल्न र नयाँ पहिचान बनाउन तिनै तहका सरकार क्रियाशील छन् । सुदूरपश्चिम केबल 'टाढाको भूगोल होइन, नजिकको सम्भावना' हो भन्ने भाष्य बनाउन विविध प्रयत्न भइरहका छन् ।

आजको विश्व आर्थिक साझेदारी र सहकार्यको नयाँ चरणमा प्रवेश गरिरहेको छ । दिगो विकास, समृद्धि र साझा प्रगति अब सरकार, समुदाय र निजी क्षेत्रबीचको सहकार्यबाट मात्रै सम्भव छ । यही दृष्टिकोणलाई आत्मसात् गर्दै प्रदेश सरकारले आफ्ना नीति, योजना र कार्यक्रममार्फत रूपान्तरणको यात्रा अघि बढाएको छ ।

यस अभियानमा सबैको अपनत्व र सहकार्य जुटाउन 'सुदूरपश्चिम प्रदेश विकास तथा लगानी सम्मेलन' सुरु गरिएको हो । प्रदेशलाई 'सम्भावनाको द्वार, लगानीको गन्तव्य'का रूपमा स्थापित गर्न दीर्घकालीन साझेदारी, लगानी प्रवद्र्धन र दिगो विकासतर्फ नयाँ युग सुरु गर्ने अठोटसहित यसको सुरुआत गरिएको हो । गत वर्ष असोज २१–२२ गते सम्पन्न पहिलो सम्मेलनले लगानीको आधार तयार गरिसकेको छ । अब मङ्सिर १–२ गते हुने दोस्रो सम्मेलनमार्फत त्यसलाई अझ गति दिने, नयाँ सम्भावना खोल्ने र दीर्घकालीन साझेदारीको वातावरण निर्माण गर्ने हाम्रो अपेक्षा छ ।

**यसकारण विकास सम्मेलन**

सुदूरपश्चिम, जहाँ हरेक नदीले ऊर्जा बोक्छ । हरेक जमिनमा सम्भावना अङ्कुराउँछ र हरेक फाँटमा सुन्दर भविष्यको आशा लहलहाउँछ । सेती, कर्णाली र महाकालीजस्ता नदीमा पानी मात्रै होइन, विद्युत् र जल पर्यटनको ठूला अवसरहरु बगिरहेका छन् । खप्तड, बडिमालिका र अपि–सैपाल हिमाल केबल दृश्य सौन्दर्य मात्र होइनन्, विश्वभरका पर्यटकलाई मोहित पार्ने अमूल्य सम्पदा हुन् । कैलाली, कञ्चनपुरका फाँट, पहाडका कान्ला र उच्च हिमालका पाखापखेरा निर्वाहमुखी खाद्यान्न मात्रै होइन, स्वस्थ जीवनका लागि कृषि उपज र रोजगारीका लागि औद्योगिक सम्भावना पनि बोकेका छन् । यहाँका वन जङ्गल वन्यजन्तुका क्रिडास्थल र जडीबुटीका 'आधार इलाका' हुन् । यी सबै सन्देशलाई विश्वभर पु¥याउन र लगानी आकर्षित गर्न यो सम्मेलन दोस्रो पटक आयोजना हुँदैछ ।

प्रदेशलाई समृद्धि र दिगो विकासतर्फ उन्मुख गराउन सबै सरोकारवालामा साझा दृष्टिकोण निर्माण र दीर्घकालीन सहकार्य आवश्यक छ । यही उद्देश्यका लागि विकास सम्मेलन आयोजना गर्न थालिएको छ । यसले कानुनी र नीतिगत सुधार, सार्वजनिक–निजी साझेदारी तथा स्थानीय उद्यमशीलता प्रवद्र्धन गरी प्रदेशको विकासलाई एक नयाँ दिशा दिने लक्ष्य लिएको छ । सम्मेलनका मुख्य पाँच वटा उद्देश्य र महत्त्व छन्ः

**लगानी आकर्षणः**

प्रदेशका प्रमुख क्षेत्रहरू (ऊर्जा, कृषि, पर्यटन, पूर्वाधार, उद्योग, डिजिटल) मा स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्नु । नयाँ लगानी प्रवाहमार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि गरी रोजगारी सिर्जना र आर्थिक गतिशीलता प्रदान गर्नु ।

नीति सुधार र लगानीमैत्री वातावरणः सरलीकृत लगानी प्रक्रियाका माध्यमबाट लगानीकर्ताहरूलाई सहज अनुभव प्रदान गर्नु । सरकारी, निजी तथा अन्तरराष्ट्रिय साझेदारहरूको सहकार्य र समन्वयलाई बलियो बनाउनु ।

**स्थानीय उद्यमशीलता र नवप्रवर्तनः**

युवा उद्यमी र 'स्टार्टअप' को विकासमा प्रोत्साहन गर्नु । नवप्रवर्तनशील विचारधारालाई समर्थन गर्दै प्रतिस्पर्धात्मकता र दीर्घकालीन विकास सुनिश्चित गर्नु ।

समग्र आर्थिक विकासः प्रदेशको कुल घरेलु उत्पादन (जिडिपी) वृद्धिमा योगदान पु¥याउने । आर्थिक संरचनामा नयाँ जीवन्तता र दिगो विकास रणनीतिहरूको कार्यान्वयन गर्नु ।

सम्मेलनलाई यी उद्देश्य पूर्तिका लागि स्थानीय सरकार, निजी क्षेत्र, विकास साझेदार र सङ्घीय सरकारबीचको सहकार्यलाई संस्थागत बनाउने तथा सुदूरपश्चिमको सम्भावनालाई विश्वसामु उजागर गर्ने अवसरका रूपमा लिएका छौँ ।

**सुदूरपश्चिमः सम्भावना र अवसर**

सामाजिक, सांस्कृतिक, भौगोलिक र जैविक विविधता तथा स्रोत र संसाधनको विविधता (प्राकृतिक, मानवीय र भौतिक संचरना) सुदूरपश्चिम प्रदेशका सामथ्र्य हुन् । यो यस्तो भूमि हो, जहाँ खप्तडका जङ्गलले ध्यानको गहिराइमा पु¥याउँछन् । अपी–सैपाललगायत हिमालले गौरवको शिखर देखाउँछन् र महाकाली–कर्णालीजस्ता नदीले विकासमा हासिल गर्न चाहेको गतिलाई बताउँछन् । यहाँका तराई, पहाड र हिमालका बस्ती, खोलानाला, पाखापखेरामा सङ्घर्ष, साहस र संस्कारको कथा गुथिएका छन् ।

यस प्रदेशमा पेट्रोलियम पदार्थ, चुनढुङ्गा, पत्थर, कोइला, अभ्रक (सल्फर), फलाम, तामा, सिसा आदिका खानीको सम्भावना रहेको अनुमान छ । यहाँको तराई क्षेत्र अन्नबाली, दलहन र तेलहनको भण्डार हो भने पहाड जडीबुटी र फलफूलको उद्यानयुक्त क्षेत्र हो । व्यापारिक सम्बन्धको हिसावले पनि यो प्रदेश बहुआयामिक महत्वको छ । तराई र पहाडका जिल्लाको व्यापार, पारवहन र वाणिज्य सम्बन्ध भारतसँग जोडिएको छ । नजिकै भारतको उत्तराखण्ड तथा उत्तर प्रदेश राज्यहरू छन् । चीनको स्वशासित क्षेत्र तिब्बत र नेपालकै लुम्बिनी तथा कर्णाली प्रदेशसँग सीमाना जोडिएको छ ।

यी सम्भावनाका बीच पनि उचित लाभ लिन सकिएको छैन । 'ल्हासामा सुन छ कान मेरो बुच्चै' भनेझैँ यहाँ उचित लगानी र विकास पूर्वाधारको अभावमा देशमै सबैभन्दा कमजोर अवस्था छ । मानव विकास सूचकाङ्क, बहुआयामिक गरिबी, बिजुली उत्पादन, बेरोजगारी, उद्योग, कलकारखाना, कुल गार्हस्थ उत्पादनमा हाम्रो अवस्था चिन्ताजनक छ । त्यसैले यी सबै कुरालाई मध्यनजर गरी प्रदेश सरकारले विकासको गति बढाउन चाहेको छ । त्यसका लागि सबैलाई लगानीको लागि अपिल गरिरहेको छ । प्रदेश सरकारले कृषि, पर्यटन, पूर्वाधार, ऊर्जा, मानव पुँजी, सूचना तथा प्रविधि र सेवा क्षेत्रमा लगानीको बाटो खोल्ने गरी विकास प्राथमिकताको पहिचान गरेको छ । आगामी लगानी सम्मेलनलाई लक्षित गरी विभिन्न मन्त्रालय, निजी क्षेत्र र विकास साझेदार समेतको समन्वयमा करिब ४५ वटा बहुलाभदायी परियोजना पहिचान गरिएका छन् । यहाँका सम्भावनाबारे यसरी विश्लेषण गरौँः

**ऊर्जा र जलविद्युत्ः**

सुदूरपश्चिम प्रदेशमा जलविद्युत् आयोजना विकासको ठूलो सम्भावना छ । यहाँका नदी तथा खोलाबाट १५ हजार मेघावाट विद्युत् उत्पादन गर्ने क्षमता रहेको जानकारहरू बताउँछन् । छ हजार चार सय मेगावाट क्षमताको पञ्चेश्वर बहुउद्देशीय परियोजना, ४३९ मेगावाटको बेतन कर्णाली आयोजना, सात सय ५० मेगावाटको पश्चिम सेती परियोजना र १० हजार आठ सय मेगावाट क्षमताको कर्णाली परियोजना यहाँका महत्वपूर्ण आयोजना हुन् । बझाङ, बैतडी, दार्चुला, अछाम, डोटी, बाजुरामा केही जलविद्युत् आयोजना निर्माणाधीन अवस्थामा छन् ।

सुदूरपश्चिममा ऊर्जामा यत्रो सम्भावना छ, तर पनि यहाँ करिब एक सय ७५ मेगावाट विद्युत् मात्रै उत्पादन भइरहेको छ, जबकी देशभर करिब तीन हजार पाँच सय ६५ मेगावाट बिजुली उत्पादन भइरहेको छ । यहाँ छ सय ८० मेगावाट विद्युत् उत्पादनका लागि अनुमति लिएर विभिन्न चरणमा छन् । एक हजार नौ सय १६ मेगावाट उत्पादन अनुमतिपत्रका लागि दरखास्त प्राप्त भएको र एक हजार दुई सय ७२ मेगावाटका लागि सर्वेक्षण अनुमतिप्राप्त गरी अध्ययनको चरणमा रहेको अवस्था छ । कतिपय आयोजना सम्भाव्यता अध्ययन सकेर निर्माण सुरु हुने अवस्थामा छन् । यहाँ आन्तरिक माग, नजिकै विश्वको उदाउँदो अर्थतन्त्र भारत र त्यहाँका धेरै जनसंख्या र उद्योग भएका क्षेत्र नजिकै रहेकाले प्रदेशमा उत्पादित विद्युत् केवल आन्तरिक माग पूरा गर्न मात्र होइन, भारत र त्यहाँ हुँदै अन्य मुलुकमा निर्यात गर्न सक्ने क्षमता सम्भावना छ ।

**कृषि र कृषि उद्यमः**

यहाँ कुल कृषि योग्य क्षेत्र तीन लाख ६७ हजार छ सय ४९ हेक्टर रहेको छ । त्यसमा एक लाख ७१ हजार आठ सय ३२ हेक्टर सिँचित क्षेत्र छ । जहाँ ३८ हजार तीन सय हेक्टर सिँचाइ क्षमताको रानीजमरा कुलरिया सिँचाइ आयोजना र ७१ हजार आठ सय २० सिँचाइ हुने महाकाली सिँचाइ आयोजना छ । यहाँको कृषि क्षेत्रले प्रदेशको कुल गार्हस्थ उत्पादनमा करिब एक तिहाइ योगदान गरिरहेको छ । यहाँ बाजुरामा १९ हजार हे, बझाङमा १८ हजार र अछाममा ११ हजार हेक्टर ओलिभ खेतीका लागि सम्भावनायुक्त छ ।

यसर्थ धान, गहुँ र ओलिभ प्रशोधन तथा पशु आहार उद्योग यहाँको कृषि औद्योगिक आधार हुन् । यस्तै, ओखर, किवी, सुन्तला, स्याउलगायत उच्च मूल्यका बालीको उपयोग, स्थानीय रक्सी उत्पादन, जैविक तथा देशी बीउ उत्पादन कारखाना, बहुउद्देश्यीय जडीबुटी प्रशोधन केन्द्र, मसला प्रशोधन, व्यावसायिक दुग्ध उत्पादन र व्यवस्थापन गर्न सकिन्छ । त्यसबाहेक माछा उद्योग, ह्याचरी, व्यावसायिक हरिण, कालिजपालनका लागि यो भूमिमा अत्यन्त सम्भावना छ । यी उत्पादनलाई प्रशोधन गरी मूल्यवृद्धि गरेर अन्तरराष्ट्रिय बजारमा निर्यात गर्न सकिन्छ ।

**पर्यापर्यटन, साहसिक गतिविधि र धार्मिक पर्यटनः**

खप्तड राष्ट्रिय निकुञ्ज, अपि–सैपाल हिमाल, बडिमालिका, उग्रतारा, शैल्यशिखर, रामारोशन, घोडाघोडी, बेहडाबाबा, मल्लिकार्जुन, उग्रताराजस्ता धार्मिक तथा प्राकृतिक स्थलले साहसिक, धार्मिक र पारिस्थितिक पर्यटनको अपार अवसर बोकेको छन् ।

खप्तड र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज इको लज, वन्यजन्तु सफारी र वेलनेस रिट्रिट, बडिमालिका, त्रिपुरासुन्दरी, शैलेश्वरी, रामारोशन, बैद्यनाथधामजस्ता क्षेत्रहरू आध्यात्मिक र सांस्कृतिक पर्यटन, महाकाली, कर्णाली र सेतीलगायत नदीहरू र्‍याफ्टिङ, कायकिङ र नदी किनार इको–लजका लागि उपयुक्त छन् ।

यहाँ खस भाषाको उद्गमस्थल डोटी सभ्यता, सौका, डगौरा, राना थारुलगायत यहाँका जातजाति, भाषाभाषी, रहनसहन आधारित होमस्टे, फार्म टु टेबल अनुभव र हिमालयन ट्रेकिङ मार्गको विकासको माध्यमबाट लाभ लिन सकिन्छ । यसमा तीर्थस्थल र संरक्षित क्षेत्रलक्षित रिसोर्ट, हाइवे विश्राम स्थल, केबलकार, सम्मेलन केन्द्र, पार्कहरू लगानीका क्षेत्र हुनसक्छन् ।

**उद्योग पूर्वाधार र शहरी विकासः**

यहाँका नौ जिल्लामा २५ भन्दा बढी खनिजहरू पहिचान गरिएका छन् । प्रमुख खनिजका लागि ४० भन्दा बढी अन्वेषण अनुमतिपत्र जारी गरिएका छन् । टालक, ग्रेनाइट र धातु खानी (सिसा, तामा, जिङ्क), मूल्यवान चुनढुङ्गा–सिमेन्ट परियोजनामार्फत खनिज केन्द्रहरू बनाउन सकिन्छ । क्षेत्रीय आपूर्ति श्रृंखलाका लागि रासायनिक र मल उद्योग, काठ, काठ प्रशोधन र सिजनिङ प्लान्टहरू, ग्रेनाइट र धातु हस्तकला उद्योग लगानीका क्षेत्र हुन् ।

यस्तै, सडक स्तरोन्नति, इन्धन स्टेशन, विद्युतीय सवारी चार्जिङ स्टेशनजस्ता हाइवे र पुल परियोजना, पर्यटकका लागि चार्टर्ड उडान, हवाई सेवा तथा विमानस्थल स्तरोन्नति र सार्वजनिक यातायात, आवास, पानी र सरसफाइ, मनोरञ्जन क्षेत्रहरूमार्फत रणनीतिक लगानीका अवसर छन् । यसका साथै डुडेझारी, दैजी छेला औद्योगिक क्षेत्र र दोधारा चाँदनी सुक्खा बन्दरगाह विकास ।

**शिक्षा, स्वास्थ्य, खेलकुद र सूचना प्रविधिः**

हाल यहाँ चिकित्सक जनसंख्या अनुपात १: १९००० छ । जबकी विश्व स्वास्थ्य संगठनको मापदण्ड १:१००० छ । यसर्थ ई—हेल्थ, डाइग्नोस्टिक र ग्रामीण पहुँचका लागि लगानीको प्रचुर सम्भावना छ । यहाँ जनसंख्याको ४३ प्रतिशत १९ वर्षमुनिका युवाहरू छन् । समग्रमा ६० प्रतिशत युवाको उपस्थिति छ । यस्तो अवस्थामा आवासीय नमुना विद्यालय, पोली–टेक्निक, प्राविधिक शिक्षालय, मेडिकल कलेज, डिजिटल पूर्वाधार, ग्रामीण बजार विस्तार, सफ्टवेयर विकास र आइटी सेवा, आइटी हब, प्राविधिक इन्क्यूबेटर र डेटा सेन्टरमा लगानी गर्न सकिने प्रशस्त ठाउँ छ ।

पछिल्लो समय लगानीको अर्को क्षेत्र खेल पूर्वाधार हो । खेल क्षेत्रमा सुदूरपश्चिमको योगदान करिब ४० प्रतिशत रहेको विज्ञहरूको दावी छ । खेलाडी र यहाँका दर्शकको लगाव अत्यधिक छ, नेपाल प्रिमियर लिग (एनपिएल) त्यसको उदाहरण हो । नेपाल क्रिकट सङ्घका अध्यक्ष चतुरबहादुर चन्दले काठमाडौँको क्रिकेटग्राउण्डमा उपस्थित करिब ७० प्रतिशत दर्शक सुदूरपश्चिमकै र ९६ मध्ये २८ वटा खेलाडी सुदूरपश्चिमकै रहेको बताउँदै हुनुहुन्थ्यो । यसलाई अर्थतन्त्रसँग जोड्न यहाँ पर्याप्त ठाउँ छ ।

**सुदूरपश्चिम किन अबको गन्तव्य ?**

सीमापार व्यापार र ठूलो बजार पहुँचः भारतसँगको खुला सीमा, निकट बजार र यातायात सञ्जालले सुदूरपश्चिमलाई क्षेत्रीय व्यापारिक केन्द्र बनाउन सक्छ । भारतका दुई प्रमुख राज्यहरू उत्तराखण्ड र उत्तरप्रदेशसँग हामी जोडिएका छौँ, जहाँ २७ करोड जनसंख्या छ । दिल्ली, लखनऊ, बरेली, देहरादुन र अन्य शहरमा सहज सडक पहुँच छ । त्यसैले यहाँको उत्पादन र ऊर्जा खपतका लागि पर्याप्त असर छन् ।

**हरित अर्थतन्त्रको केन्द्रविन्दुः**

देशमै बढी वन क्षेत्र रहेको यस प्रदेशमा जलवायु प्रतिरोधात्मक, नवीकरणीय ऊर्जा र स्वच्छ ऊर्जा आधारित जीविकोपार्जनका अवसर छन् ।

'भर्जिन ल्याण्ड': धार्मिक क्षेत्र, सांस्कृति विविधता र पर्यापर्यटनका दृष्टिले 'भर्जिन' ल्याण्ड छ । यहाँ भारतीय धार्मिक पर्यटकदेखि साहसिक विश्वपर्यटनलाई लोभ्याउन सम्पदाहरू छन् ।

श्रम केन्द्रित युवा जनशक्तिः अहिलेको विश्वको सबैभन्दा ठूलो सम्पत्ति मानव पुँजी नै हो । सुदूरपश्चिममा हाल १९ वर्षमुनिको जनशक्ति ४३ प्रतिशत र ६० वर्षमुनिको युवाको हिस्सा ६० प्रतिशत छ । यो मानव पुँजीलाई उत्पादनमा लगाउन र श्रम केन्द्रित उद्यमका लागि तयार गरी लाभ लिन सकिन्छ ।

**मूल्य श्रृंखला क्षमताः**

घरेलु र सीमापारी बजारका लागि कच्चा पदार्थको उत्पादन र आपूर्तिको अपार उपलब्धता छ ।

प्रदेश सरकारको लगानीमैत्री सोच र तयारीः लगानीकर्ताले नाफा मात्र होइन, सुरक्षाको प्रत्याभूति पनि चाहन्छन् । यसलाई ध्यानमा राख्दै प्रदेश सरकारले कर छुट र सहुलियत, लगानी सुरक्षित गर्ने कानुनी संरचना, दर्ता र अनुमतिका लागि 'एकद्वार सेवा केन्द्र', पूर्वाधार निर्माणमा सरकारी प्राथमिकता, सार्वजनिक–निजी साझेदारी प्रवद्र्धनलगायत नीतिगत व्यवस्था गरेको छ । यी व्यवस्थामार्फत प्रदेशलाई 'लगानी सुगम गन्तव्य' का रूपमा स्थापित गर्न ठोस कदम चालिएको छ । प्रदेश सरकार हाल दोस्रो पञ्चवर्षीय योजनाको तयारीमा जुटिसकेको छ, जसमा समावेशी, नवप्रवर्तनशील र लगानीमैत्री रणनीतिहरूलाई मूलधारमा ल्याउने तयारी छ । यस योजनामा नजी क्षेत्र निर्देशित विकास ढाँचालाई केन्द्रमा राख्ने दिशामा कार्य भइरहेको छ । यी कार्यले लगानीकर्तालाई सहजता, विश्वास र दीर्घकालीन नाफा सुनिश्चित गर्नेछ भन्ने हाम्रो विश्वास हो ।

**'समृद्धिको यात्रामा साझेदारी'**

प्रदेश सरकारले पहिलो पञ्चवर्षीय योजना (२०७८/७९—२०८२/८३) अवधिमा कुन क्षेत्रमा कस्तो उपलब्धि हासिल गर्ने भनेर लक्ष्य निर्धारण गरेको छ । यस अवधिमा आर्थिक वृद्धिदर तीन दशमलव ६ बाट २०८२/८३ सम्म १० दशमलव पाँच प्रतिशत पु¥याउने 'महत्वाकांक्षी' लक्ष्य निर्धारण गरिएको छ। यस्तै, प्रतिव्यक्ति आय वार्षिक ९१८ अमेरिकी डलरबाट एक हजार ७१५ डलर पु¥याउने भनिएको छ। निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्यालाई २४ दशमलव छ प्रतिशतबाट ११ प्रतिशतमा झार्ने तथा बहुआयामिक गरिबीमा रहेको जनसंख्यालाई २५ दशमलव तीन प्रतिशतबाट १३ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ ।

यस्तै, मानव विकास सूचकाङ्कलाई शून्य दशमलव ५४७ बाट शून्य दशमलव ६२१ मा पु¥याउने, अपेक्षित आयु ६९ दशमलव आठबाट ७२ वर्ष पुर्याउने, बेरोजगारी दर सात दशमलव पाँचमा झार्ने तथा ९९ प्रतिशत जनसंख्यामा विद्युत् पहुँच पुर्याउने लक्ष्य लिइएको छ। अब हामी अन्तिम वर्षमा छौँ, हालसम्मका तथ्याङ्कले पूर्वनिर्धारित लक्ष्य भेट्टाउन मुस्किल छ । त्यसैले हामी के निष्कर्षमा पुगेका छौँ भने प्रदेशको समृद्धि केवल सरकारको एकल प्रयासले सम्भव हुँदैन । निजी क्षेत्र, वैदेशिक लगानीकर्ता, प्रवासी नेपाली, सहकारी संस्था र स्थानीय समुदाय सबैको सहभागिताबाट मात्रै यो सम्भव छ । त्यसका लागि प्रदेश सरकारले सरकारले साझेदारी, सहकार्य र पारदर्शितामा आधारित आर्थिक विकासलाई प्राथमिकता दिएको छ ।

यस सम्मेलनमार्फत हामी सबैलाई एकै थलोमा ल्याएर पूर्वनिर्धारित लक्ष्य पछ्याउन र सम्भावनाको नयाँ अध्याय खोल्ने सपना देखिरहेका छौँ । त्यसैले प्रदेश सरकारले प्रदेशका सपना, आशा र सम्भावनामा लगानी गर्न सबैलाई निम्तो गरिरहेका छौँ । प्रदेश सरकारले बिजुली उत्पादन गरेर उज्यालो फैलाउन, उद्योग खोलेर रोजगारी सिर्जना गर्न, कृषिलाई समुन्नतिको आधार बनाउन, पर्यटन विकासमार्फत हाम्रो सौन्दर्यलाई संसारभर पुर्याउन आह्वान गरिरहेको छ ।

प्रदेश नीति तथा योजना आयोग र सिङ्गो प्रदेश सरकारले बुझेको छ—लगानी केवल पैसा होइन, विश्वास पनि हो । त्यसैले सुदूरपश्चिम प्रदेश सरकारले लगानीकर्ताको नाफा र व्यवसाय सुरक्षा, सहज अनुमति प्रक्रिया, कर प्रोत्साहन, कानुनी तथा नीतिगत सहजीकरण, सार्वजनिक–निजी साझेदारी जस्ता आधारहरू तयार गरिसकेको छ । सुदूरपश्चिमलाई अब अवसरहरूको भूमिमा बदल्ने सरकारको अठोट छ । त्यसमा नीति तथा योजना आयोगले आवश्यक योगदान गरिरहेको छ ।

हामी सबैलाई अपिल गर्दछौँ– आउनुहोस् सँगसँगै हातेमालो गरौँ । तपाईं–हाम्रो सहकार्यले उपलब्ध स्रोतको भरपूर उपयोग गर्नेछ । त्यसले रोजगारी सिर्जना गर्नेछ । नागरिकको जीवन बदल्ने छ र यसले प्रदेशलाई मात्र नभई सिङ्गो नेपाललाई समृद्धितर्फ डोर्याउन योगदान पुग्नेछ ।

(सदस्य, सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोग)

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# प्रकोप प्रभावितलाई क्षतिपूर्ति उपलब्ध गराउन सांसदद्वारा ध्यानाकर्षण

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद मायाप्रसाद शर्माले अविरल वर्षाका कारण जाजरकोटमा भएको पहिरोबाट प्रभावितलाई तत्काल राहत र क्षतिपूर्ति उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराएका छन । राष्ट्रियसभाको मंगलवारको बैठकमा आकस्मिक समयमा बोल्दै सांसद शर्माले गत भदौ १५ गते अविरल वर्षाका कारण जाजरकोटको छेडागाड नगरपालिका–१ स्थित पहिरो गई प्रभावित भएका परिवारलाई तत्काल क्षतिपूर्ति उपलब्ध गराउन सभाअध्यक्षमार्फत सरकारसँग माग गरेका छन ।

सांसद शर्माले कर्णाली राजमार्गको जुम्ला–सुर्खेत खण्डको गगनेखोलामा गएको पहिरोका कारण जुम्लाको स्याउ बोकेका २० ट्रक बाटोमै थन्किएका भन्दै तत्काल सडक खुलाउनसमेत ध्यानार्कषण गराए ।उनले जुम्लाको स्याउको बजार व्यवस्थापनका लागि सुझावसमेत दिए ।रासस

# राष्ट्रियसभाबाट निजामती सेवा विधेयक पारित

**काठमाडौँ ।**
बहुप्रतिक्षित सङ्घीय निजामती सेवा विधेयक, २०८० राष्ट्रियसभाबाट पारित भएको छ । सभाको मंगलवारको बैठकमा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सङ्घीय निजामती सेवा विधेयक, २०८० लाई पारित गरियोस् भन्ने प्रस्ताव गरेकी थिईन ।
सभाअध्यक्ष नारायणप्रसाद दाहालले सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गरे । संवैधानिक व्यवस्थाअनुसार प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त भएको विधेयक राष्ट्रियसभाबाट पारित गर्नुपर्ने आज अन्तिम समयसीमा रहेको थियो ।
मन्त्री न्यौपानेले यसअघि विधायन व्यवस्थापन समितिको प्रतिवदेनसहित प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेकी थिईन ।
उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले विधेयकले सङ्घीयताको मर्मअनुसार कर्मचारीको व्यवस्थापन गर्ने विश्वास व्यक्त गरे । 'राष्ट्रियसभाले एउटा इतिहास रचेको छ । सङ्घीयतालाई कार्यान्वयन गर्न आवश्यकपर्ने महत्त्वपूर्ण यस विधेयकमा अत्यन्तै हार्दिकताका साथ सहमति जुटेको छ', मन्त्री न्यौपानेले भनिन, 'सङ्घीयतामा गएको यतिका वर्ष भइसक्यो, तर त्यसको मर्मअनुसार कर्मचारीको व्यवस्थापन हुन सकिरहेको थिएन । अब कर्मचारी व्यवस्थापनमा भइरहेको असहजता र अन्योलताको हल गर्ने परिस्थिति बन्नेछ ।'
विधेयकमाथिको छलफलमा भाग लिँदै सांसदहरू गोपीबहादुर सार्की अछामी, गोपाल भट्टराई, राधेश्याम पाश्वान, पद्मबहादुर परियार, विष्णुबहादुर विश्वकर्मा, रेणु चन्द, कृष्णबहादुर रोकाय र मायाप्रसाद शर्माले धारणा राखेका थिए ।
सभाको आजकै पहिलो बैठकमा विधान व्यवस्थापन समिति सभापति तुलसाकुमारी दाहालले उक्त विधेयकसम्बन्धी प्रतिवेदन पेस गरेकी थिईन । उनले विधेयकले प्रशासनिक सङ्घीयतालाई प्रभावकारी बनाउने बताएकी थिइन ।
'प्रतिवेदनले निजामती सेवाका कर्मचारीलाई आफ्ना कामप्रति व्यावसायिक, निष्ठावान् र प्रतिबद्ध बनाउँदै नीतिनिर्माण एवं कार्यान्वयनमा स्वार्थको द्वन्द्व नहोस् भनी महत्त्वपूर्ण प्रावधान राखेको छ । खासगरी अवकाश भएको मितिले दुई वर्षसम्म अन्यत्र सेवा गर्न वा कुनै नियुक्ति लिन नपाउने गरी प्रबन्ध गरिएको छ',सभापति दाहालले भनिन ।
विधेयकको व्यवस्थाअनुसार अब ऐन प्रारम्भ भएको वर्ष ५८, दोस्रो आर्थिक वर्षमा ५९ वर्ष र तेस्रो आर्थिक वर्षदेखि ६० वर्षको अनिवार्य अवकाश उमेर हद लागू हुनेछ । अब राष्ट्रियसभाबाट पारित भएको यो विधेयक प्रतिनिधिसभामा जानेछ । प्रतिनिधिसभाले राष्ट्रियसभाले गरेको संशोधन स्वीकार वा अस्वीकार गरेर प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउने छ । सभाको अर्को बैठक भदौ २३ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्नेछ ।रासस

# नेपालसँग श्रम सम्झौता भएका देशहरूमा हुलाक सेवा सम्झौता गर्नुपर्छः सञ्चारमन्त्री

**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले नेपालसँग श्रम सम्झौता भएका देशहरूमा अनिवार्य रूपमा हुलाक सेवा सम्झौता गर्नुपर्ने बताएका छन ।
हुलाक सेवा विभागले मंगलवार आयोजना गरेको वार्षिक प्रगति समीक्षामा उनले हुलाकको व्यावसायिक सम्भावना 'पार्सल डेलिभरी' भएको बताउँदै विदेशमा रहेका नेपालीसम्म यो सेवा विस्तार गर्न श्रम सम्झौता भएका देशमा हुलाक पुग्नुपर्नेमा जोड दिए । पार्सल सेवालाई भरपर्दो बनाउन जरुरी भएको उनले बताए ।
मन्त्री गुरुङले सबै पालिकालाई 'डिजिटलाइजेसन' गर्न र 'स्मार्ट' हुलाक कार्यालय सञ्चालन गर्न निर्देशन दिँदै उनले भने, 'अब हुलाक स्मार्ट हुनुपर्छ, सूचना प्रविधिको अधिकतम उपयोग गरी समयअनुसार रुपान्तरण हुनुपर्छ ।'
सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले हुलाक सेवालाई प्रभावकारी बनाउन विभागलाई आवश्यक पर्ने पूर्वाधार निर्माण एवं आवश्यकता अनुसार अन्य सहयोग गर्न आफू सधैँ सकारात्मक रहेको बताए ।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले हुलाकको विगतको गौरवपूर्ण गाथालाई आत्मसात् गर्दै हुलाकलाई युगानुकूल बनाउन ऐन, कानुन परिमार्जन थालिएको बताए ।
हुलाकका प्रशासनिक एवं व्यवस्थापकीय व्यवधान हटाउन आफू सदैव तत्पर रहेको उनले बताए ।
विभागका महानिर्देशक मनमाया भट्टराई पँगेनीले हुलाक सेवालाई स्मार्ट बनाउन आफू लागिपरेको बताए ।
त्यस अवसरमा विभागका निर्देशक धव्रराज आचार्यले विभागको गतिविधिबारे जानकारी दिनुभएको थियो ।रासस

# शून्य समयमा सांसदको ध्यानाकर्षण

**काठमाडौँ ।**
राष्ट्रियसभाको शून्य समयमा सांसदहरूले बाढीपहिरोजन्य प्रकोप व्यवस्थापन, सडक दुर्घटना नियन्त्रण, मधेशमा सिँचाइ तथा खानेपानीको सङ्कट समाधानलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन ।
बैठकमा सांसद घनश्याम रिजालले दोलखाको मेलुम वडा ७ ठाडी पहिरी बस्ती जोखिममा परेको भन्दै तत्काल पहिरो रोकथामको व्यवस्था गरी खेतीयोग्य जमिनको संरक्षण तथा उक्त स्थानका नागरिकको जिउधनको सुरक्षा गर्न सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराए ।
उक्त क्षेत्रमा वर्षात्मा जमिन भासिने र पहिरो जाने तथा हिउँदमा पनि सुक्खा पहिरो जाने र यसपालीको वर्षाले पनि सो स्थानमा रहेको मोटरबाटोलगायत खेतीयोग्य जमिनमा नराम्ररी क्षति पु¥याएको उनले बताए ।
सांसद पदमबहादुर परियारले पृथ्वीराजमार्गअन्तर्गत तनहुँको घाँसी कुवादेखि कमलबारी खण्डमा दिनहुँ सडक दुर्घटना भइरहेको भन्दै सडकखण्डलाई सुरक्षित बनाउन आवश्यक प्रवन्ध गराउन सभाअध्यक्षमार्फत सरोकारवालाको ध्यानाकर्षण गराए ।
सांसद मनरुपा शर्माले दुग्ध किसानलाई दसैँ अगाडि नै उखुको बक्यौता रकम भुक्तानी गर्न सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराईन।
सांसद रेनु चन्दले बैतडीको डिलासैनी–३ गिरीबगरमा विजुलीको



हाइटेन्सनमुनि थुपारिएको बालुवामा खेल्नेक्रममा १४ वर्षीय किरण कोलीको करेन्ट लागेर मृत्यु भएको र पीडितले एक महिनादेखि न्याय नपाएको भन्दै उक्त घटनाको निस्पक्ष छानविन गरी पीडितलाई न्याय दिन सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराईन ।
सांसद बिष्णुबहादुर विश्वकर्माले करेन्ट लागेर बालकको मृत्युभएको घटनाबारे सत्यतथ्य छानबिनगरी दोषीलाई कानुनी कारबाही र पीडितलाई क्षतिपूर्ति दिन सरकारसमक्ष माग गरे ।
सांसद बिष्णुकुमारी सापकोटाले पर्याप्त पूर्वाधारबिनै महङ्गो प्रविधि भित्र्याउनु गम्भीर विषय हो भन्दै देवनागरिकमा लेखिँदै आएको नम्बरप्लेटलाई अंग्रेजीमा लेखिनु राष्ट्रिय भाषा र लिपिको अवमूल्यन भएको जिकिर गरे ।
यातायात व्यवस्था विभागले आगामी असोज १ गतेदेखि सवारीसाधनमा इम्बोस्ट नम्बरप्लेट अनिवार्य गर्ने निर्णय गरेको र नागरिकस्तरबाट विरोध आएपछि इम्बोस्ट नम्बर जडान नगरे पनि कुनै जरिवाना नहुने सूचना निकालेको भन्दै राष्ट्रिय पहिचानको अवमूल्यन, भाषा र नागरिकको तथ्याङ्कमाथिको खेलबाड भएको उनको भनाइ थियो ।
सांसद साबित्री मल्लले आज भदौ १७ गते नेपाली महिलाले पहिलो पटक मदाधिकार प्रयोग गर्न पाएको दिनको उपलक्ष्यमा सम्पूर्ण महिलाहरूमा हार्दिक शुभकामना व्यक्त गरिन । उनले सरकारले तराई–मधेशका आठ जिल्लालाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरे पनि मधेश प्रदेशमा अहिले पनि खानेपानी र सिँचाइको समस्या रहेको भन्दै यथोचित व्यवस्था मिलाउन सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराईन ।रासस

# 'इच्छा हुँदाहुँदै महिलाहरु राजनीतिबाट पछाडि हट्नुपर्ने स्थिति छ'

**काठमाडौं ।**
बागमती प्रदेशका पूर्वमुख्यमन्त्री एवं नेकपा एमालेकी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले अहिले पनि महिलाहरु इच्छा हुँदाहुँदै राजनीतिबाट पछाडि हट्नुपर्ने स्थिति रहेको बताएकी छन् ।
मंगलबार अखिल नेपाल महिला संघले आयोजना गरेको प्रथम महिला जनप्रतिनिधि साधना प्रधानको स्मरणमा आयोजित पुस्तक विमोचन तथा सम्मान कार्यक्रममा बोल्दै उनले विभिन्न कारणले महिलाहरु राजनीतिबाट विमुख हुनुपर्ने बताएकी हुन् ।
उनले भनिन्, 'महिलाहरुको अहिलेको अवस्थामा पनि यस्तै समस्या छ । महिलाहरु निरन्तर लागिरहँदा विवाह नगरुन्जेल सक्रिय, विवाह गरेपछि एउटा समस्या, बच्चा भएपछि थप समस्या, पारिवारिक झमेलाले महिलाहरु राजनीतिबाट विमुख हुनुपर्ने अस्वथा छ । मन हुँदाहुँदै पनि पछाडि हट्नुपर्ने स्थिति हिजो पनि थियो आज पनि छ ।'
नेतृ शाक्यले पुरुषहरुलाई माथि उठाउन, नेतृत्वमा स्थायित्व गर्न, देशको प्रधानमन्त्री बनाउने सवालमा महिलाहरुले त्याग गरेको पनि बताइन् । उनले महिलाहरुको ठुलो संघर्ष र आटले देश खुल्ला राजनीतिक, संघीय लोकतान्त्रिक गणतन्त्रमा आइपुगेको बताइन् ।
'संघर्ष गरेर राणा शासनविरुद्ध आवाज उठाउँदै मताधिकार, शिक्षाको हक, लोकतन्त्र वा प्रजातन्त्रको लागि जुन संघर्ष, आँट महिलाहरुले गर्नुभयो, निरन्तर लाग्नुभयो । त्यसको प्राप्तिले गर्दा आज यस ठाउँमा आइपुगेका छौ । हामी खुल्ला राजनीति, संघीय लोकतान्त्रिक गणतन्त्रमा आइपुगेका छौं । अब नेपालमा निरङकुशता र एकात्मक शासन व्यवस्था छैन,'उनले भनिन् ।
यस्तै कार्यक्रममा बोल्दै नेतृ शशी श्रेष्ठले साझा रुपमा एकतावद्ध भएर लागेकाले नै संविधान प्राप्त गर्न सफल भएको औंल्याइन् । उनले महिलाहरुको हक र अधिकारको लागि अझै पनि लडिरहनुपर्ने बताइन् ।
'हामी सँधैभरी साझा मुद्दामा एकतावद्ध भएर लागेका कारणले गर्दा आजको यो उपलब्धि हो । यो संविधान हाम्रो साझा आन्दोलनको कारणले पाएको हो । ८ मार्च महिला अधिकारको कार्यक्रम गर्दा जेल परेका थियौ । आफ्नो अधिकारको लडाई निरन्तर लडिरहन पर्छ,'उनले भनिन् । यस्तै, कार्यक्रममा पूर्वमेयर विद्यासुन्दर शाक्यले इतिहास बिर्सिनु नहुने बताए । नेपाली महिलाले पहिलो पटक मताधिकार प्रयोग गरेको दिन एव प्रथम महिला जनप्रतिनिधि साधना प्रधानको स्मरणमा साधना नामक पुस्तक समेत विमोचन गरिएको थियो ।रासस

# 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत

**काठमाडौँ ।**
प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव राष्ट्रियसभाको बहुमतले स्वीकृत गरेको छ ।
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई सशोधन गर्ने विधेयक, २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गरेका थिए ।
बैठकमा सदस्यहरूले उठाएका विषयको जवाफ दिनुहुँदै मन्त्री अधिकारीले जग्गा व्यवस्थापनका लागि प्रत्येक वडा, पालिकामा त्यहाँ क्रियाशील सबै दलका प्रतिनिधि रहेको सर्वदलीय समितिले पारित गरेर गरिने भएकाले कुनै बदमासी नगरी सही रूपमा काम हुने प्रतिबद्धता जनाए । जग्गा कमाइ आएको छ तर उसका नाममा देशभर कतै जग्गा नभएका अव्यवस्थित बसोबासीलाई त्यही जग्गा दिने, त्यो जग्गामा कुनै पनि खालका जोखिम अन्यत्र व्यवस्थित गरिने मन्त्रीको अधिकारीको प्रतिबद्धता थियो ।
बैठकमा सदस्यहरू गोपीबहादुर सार्की अछामी, घनश्याम रिजाल, किरणबाबु श्रेष्ठ, इन्दिरादेवी गौतम, मोहम्मद खालिद, जगप्रसाद शर्मा, नारायणदत्त मिश्र, मदनकुमारी शाही (गरिमा), गोपाल भट्टराई, भुवनबहादुर सुनार, पदमबहादुर परियार, राधेश्याम पासवान, विष्णुकुमारी सापकोटा, पूजा चौधरी, कृष्णप्रसाद अधिकारी, विष्णुबहादुर विश्वकर्मालगायतले प्रस्तावमाथि विचार राख्दै कृषि, उद्यम गर्न राखिएका जग्गालाई प्लटिङ गर्न खोजेको भन्ने विषयलाई प्रष्ट पारिनुपर्नेमा जोड दिनुभएको थियो ।
भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबास गरिरहेकालाई बसोबासका लागि जग्गाको व्यवस्था गरिनुपर्ने, केही विवाद भएको विषय अझै मिलाउन बाँकी रहेको, अव्यवस्थित बसोबासी बसेको जमिन सुरक्षित नरहेको, भू–माफिया र दलालका लागि पो यो विधेयक ल्याइएको हो कि भन्ने चर्चा बाहिर भइरहेकाले यसलाई मन्त्रीले प्रष्ट पारिनुपर्नेमा सदस्यहरूले जोड दिएका थिए ।
विधेयकबाट सरकारी, सार्वजनिक र गुठी जग्गा धेरै अपचलन हुने देखिएकाले पुनर्लेखन गर्नुपर्नेमा पनि केही सदस्यहरूले जोड दिएका थिए ।
बैठकमा विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले 'सङ्घीय निजामती सेवा विधेयक, २०८० सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन' राष्ट्रियसभासमक्ष पेस गर्नुभएको थियो । प्रतिवेदन पेस गर्नुहुँदै उहाँले निजामती कर्मचारीले अवकाश पाएको दुई वर्षसम्म अन्यत्र कतै कामका लागि नियुक्ति नपाउने गरी व्यवस्था गरिएको जानकारी दिए ।रासस

# सङ्घसंस्था ऐनको मस्यौदामाथि नागरिक समाजको असहमति, थप छलफलको माग

**काठमाडौँ ।**
गृह मन्त्रालयले सार्वजनिक गरेको सङ्घसंस्था ऐन २०८२ को मस्यौदाप्रति नागरिक समाज र सरोकार भएका निकायले गम्भीर असहमति जनाउँदै समावेशी छलफलको माग गरेका छन् ।
मंगलवार राष्ट्रिय मानव अधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानव अधिकार एलायन्स) द्वारा आयोजित छलफल कार्यक्रममा मानव अधिकार एलायन्सका अध्यक्ष विदुर सुवेदीले राष्ट्रिय निर्देशन ऐन २०१८, संस्था दर्ता ऐन २०३४ र समाजकल्याण परिषद् ऐन २०४९ लाई एकीकृत गरी ल्याइएको नयाँ मस्यौदाले संविधानमा सुनिश्चित नागरिक स्वतन्त्रता सङ्कुचित गर्ने खतरा रहेको बताए ।
उनले संविधानको धारा १७ मा व्यवस्था गरिएको सङ्गठन निर्माण गर्ने, अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने अधिकारलाई मस्यौदाले चुनौती दिएको बताए ।
किडार्क नेपालकी अध्यक्ष सम्झना मल्ल शाहले मस्यौदामा सङ्घसंस्थाविरोधी प्रावधान रहेको उल्लेख गर्दै यसलाई संविधान अनुकूल बनाउन व्यापक परामर्श आवश्यक रहेको बताए ।
नेपाल युवा संस्था सञ्जाल (आयोन) का महासचिव ललित ओझाले मस्यौदाले गैरसरकारी, नागरिक तथा सामुदायिक सङ्गठनको स्वतन्त्र कामकाजमा अवरोध ल्याउने, दर्ता तथा सञ्चालन प्रक्रियामा अनावश्यक प्रशासनिक झन्झट र सरकारप्रतिको निर्भरता बढ्ने अवस्था सिर्जना गर्ने टिप्पणी गरे ।
गैरसरकारी संस्था महासङ्घका अध्यक्ष अर्जुन भट्टराईले कानुन निर्माणमा हतार र परामर्शहीन प्रवृत्तिले लोकतन्त्र कमजोर हुने भन्दै दीर्घकालीन प्रभावको अध्ययन अनुसन्धान र पर्याप्त छलफल नगरी विधेयक ल्याउने कार्य खतरनाक भएको बताए । उनले दशकौँको सङ्घर्ष र मेहनतले बनेको संविधान विपरीत हाल राजनीतिक दल र सांसदहरूको भूमिका कमजोर भएको भन्दै यस्ता प्रवृत्ति निरन्तर रह्यो दुर्भाग्य हुने जिकिर गरे । कार्यक्रमका अन्य सहभागीले सङ्घसंस्थालाई स्वतन्त्र र सहज वातावरणमा काम गर्ने सुनिश्चितताका लागि थप छलफल गर्नुपर्ने माग गरेका थिए ।रासस

# नतिजा आउने गरी काम गर्न मन्त्री भण्डारीको निर्देशन

**बैतडी ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले अपेक्षाकृत नतिजा आउने गरी काम गर्न बैतडीका कार्यालय प्रमुखहरूलाई निर्देशन दिएका छन ।मंगलवार पाटनमा सम्पन्न जिल्लास्थित कार्यालय प्रमुखहरूको बैठकमा मन्त्री भण्डारीले सरकारी कार्यालयबाट सम्पादन हुने कामहरू अपेक्षाकृत रूपमा नतिजा आउने गरी काम गर्न निर्देशन दिएका हुन ।
उनले भने, 'सरकारी कार्यालयले गर्ने काममा जनताले अनुभूति गर्ने गरी हुनुपर्छ, जसमा अपेक्षाकृत नतिजा आउन नसकेको भन्ने जनताको गुनासो आउनुभएन ।'
पूर्वाधारका कामलाई प्राथमिकतामा राख्न आग्रह गर्दै मन्त्री भण्डारीले अनुदानका काममा नतिजा आउने गरी कार्यान्वयन गर्न कार्यालय प्रमुखहरूलाई निर्देशन दिए । बर्सातको समय रहेकाले विपद् पूर्वतयारी तथा उद्धारका लागि तयारी अवस्थामा रहन र चाडपर्व लक्षित बजार अनुगमनलाई कडाइ गर्न मन्त्री भण्डारीले निर्देशन दिए । उनले भने, 'विपद् पूर्वतयारी र उद्धारका लागि कुनै कसर बाँकी नराख्नुहोला । चाडपर्व नजिकिएकाले बजार अनुगमनलाई कडाइका साथ अगाडि बढाउनुस् ।'बैठकमा बैतडीका प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेललगायतका कार्यालय प्रमुखहरूको सहभागिता रहेको थियो ।रासस

# गाई र हलगोरु पाल्ने किसानलाई अनुदान

**पर्वत ।**
विहादी गाउँपालिकामा लोपोन्मुख स्थानीय जातका गाई र हलगोरु पाल्ने किसानलाई प्रोत्साहनका लागि अनुदान वितरण गरिने भएको छ ।



गाउँपालिकाले व्यावसायिक रूपमा दूध उत्पादनका लागि उन्नत जातका गाईपालन गर्ने किसानलाई प्रतिगाई २० हजार रुपैयाँ उपलब्ध गराउने भएको छ । स्थानीय गाई संरक्षण अभियानअन्तर्गत प्रतिसुत्केरी गाई दुई हजार ५०० रुपैयाँ किसानलाई वितरण गरिने भएको प्रमुख प्रशासकीय अधिकृत थमनबहादुर रेश्मीले जानकारी दिए ।

यसैगरी प्रतिहलगोरु प्रोत्साहन अनुदानका रूपमा १० हजार रुपैयाँ प्रदान गरिने रेश्मीले जानकारी दिए । वैदिक परम्पराअनुसार पूजा गरिने स्थानीय जातका गाई पछिल्लो समय लोप हुँदै गएपछि गाउँपलिकाले संरक्षण अभियान थालेको हो । विहादी गाउँपालिकाले पालिकाभित्रका छवटै वडामा व्यावसायिक वा निर्वाहमुखी रूपमा स्थानीय जातका गाईपालन गरेका किसानलाई विगत तीन वर्षदेखि प्रोत्साहन गर्दै आएको छ ।

पालिकाले सूचना जारी गर्दै स्थानीय जातका गाईपालक किसानलाई गाईको सुत्केरी भत्ताका लागि आवेदन माग गरेको छ । स्थानीय गाईपालन गरेका किसानलाई प्रोत्साहन गर्न र गाईपालनतर्फ आकर्षण बढाउनका लागि यस्तो अभियान थालिएको विहादीका अध्यक्ष परवीन गुरुङले जानकारी दिए ।

गाई अभावमा विभिन्न पूजापाठमा समेत गाईको दस्तुर भन्दै दक्षिणा राखेर उम्काउने गरिएको छ । यस्तो अवस्थामा हिन्दू धर्म नै सङ्कटमा पर्ने र हिन्दू धर्मावलम्बी नयाँ पुस्ताले स्थानीय जातको गाईको पहिचान नै नपाउने भएकाले संरक्षण गर्न थालिएको अध्यक्ष गुरुङको भनाइ छ ।

उक्त कार्यक्रममा समावेश हुनका लागि गाई र गर्भाधारण गराइएको बहर स्थानीय नै हुनुपर्ने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद भुसालले जानकारी दिए । गाई र गर्भाधारण गराइएको बहर स्थानीय नै हुनुपर्ने भुसालको भनाइ छ । अनुदान लिनका लागि निवेदन, सम्बन्धित वडा कार्यालयको सिफारिस, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र गाई बाछीको तस्बिरसमेत संलग्न गर्नुपर्नेछ ।

पर्वतमा पछिल्लो समय उन्नत जातका गाईपालनतर्फ आकर्षण बढ्दै गएको छ । थोरै दूध दिने र गाईपालनको खर्च पनि नउठ्ने भन्दै किसान स्थानीय काठे गाईपालन गर्न छाडेका हुन् ।

पालिकाले चालु आर्थिक वर्षको साउनयता सुत्केरी भएका स्थानीय गाईलाई दुई हजार ५०० रुपैयाँ का दरले अनुदान दिने तयारी गरेको छ । जिल्लाका सात स्थानीय तहमध्ये विहादीले पहिलोपटक स्थानीय गाईलाई संरक्षणका लागि अभियान थालेको हो । यसअघि उक्त पालिकाले स्थानीय जातका गाई पाल्ने किसानलाई प्रोत्साहनस्वरुप पाँच–पाँच हजार रुपैयाँ उपलब्ध गराएको थियो ।

यसअघि जिल्लाको जलजला गाउँपालिकाले हलगोरु पाल्ने किसानलाई एक हजार ५०० रुपैयाँ का दरले उपलब्ध गराउँदै आएको थियो भने स्थानीय जातका गाईको मूत्र र गोबर प्रशोधन पनि गर्न थालेको छ । पैयुँ गाउँपालिकाले राँगो पाल्ने किसानलाई २० हजार रुपैयाँ वार्षिक अनुदान वितरण गर्दै आएको छ । किसानलाई व्यावसायिक कृषि पेशातर्फ आकर्षित गर्ने उद्देश्यले पालिकाहरूले पशुपालन र कृषिको क्षेत्रमा लगानी बढाउँदै लगेका छन् । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पनि यस वर्ष गाईभैँसीको सुत्केरी खर्चका लागि १० लाख रुपैयाँ विनियोजन गरेको छ ।रासस

# सानीभेरी जलविद्युत् आयोजनामा लगानी जुट्यो

**काठमाडौं।**
एक्सर्पट हाइड्रो इन्भेस्टमेन्ट कम्पनीले निर्माण गर्ने ४४ दशमलव ५२ मेगावाट क्षमताको सानीभेरी जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन भएको छ । उक्त आयोजनामा सिटिजन्स बैंकको नेतृत्वमा विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानी गर्ने भएका छन्।

आयोजनामा सिटिजन्स बैंकले दुई अर्ब ५० करोड रुपैयाँ, नवील बैंकले एक अर्ब ५० करोड रुपैयाँ, नेपाल इन्भेस्टमेन्ट मेगा बैंकले एक अर्ब २० करोड रुपैयाँ, सानिमा बैंक र सिद्धार्थ बैंकले समान एक÷एक अर्ब लगानी गर्ने भएका हुन्।

सोमबार भएको द्विपक्षीय सम्झौतामा एक्सर्पट हाइड्रो इभेन्टका प्रबन्ध निर्देशक सन्तोषराज नेपाल र सिटिजन्स बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सम्झौतापत्रमा हस्ताक्षर गरे।

कूल नौ अर्ब ६० करोड रुपैयाँ लागत रहने आयोजनामा २५ प्रतिशत स्वपुँजी र ७५ प्रतिशत ऋणबाट जुटाइने प्रबन्ध निर्देशक नेपालले जानकारी दिए । रुकुमपूर्वको पुथाउत्तरगङ्गा गाउँपालिका–७ र १४ मा निर्माण हुने सो आयोजना ४२ महिनाभित्र सम्पन्न गरिनेछ।

नदी प्रवाही प्रकृतिको सो आयोजनाबाट उत्पादित बिजुली बाफीकोट सवस्टेशनमा जोडिनेछ । आयोजनाबाट वार्षिक रुपमा २८३ दशमलव ३७ गिगावाट घण्टा बिजुली उत्पादन हुनेछ । आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग विसं २०८० असार २७ मा विद्युत् खरिद बिक्री सम्झौता गरिसकेको छ।रासस

# ढोरपाटनमा पर्यटक बढेपछि घोडा व्यवसाय फस्टाउँदै



**बागलुङ ।**
एकदशक अघिसम्म ढोरपाटनवासीले बजारबाट सामान ढुवानी गर्न र यात्रा गर्न घोडा खच्चडको प्रयोग गर्दथे । ढोरपाटनमा सडक विस्तार भएर मोटर गुड्न थालेपछि घोडा खच्चड कामविहीन भएका थिए ।

कामविहीन भएपछि धेरैले घोडा खच्चड पाल्न छोडे भने पाल्दै आएका किसानलाई पनि बेच्न पाए हुन्थ्यो भन्ने लागेको बताउँछन् । बेकामे बनेका घोडा खच्चड बिक्री नहुँदा किसान चिन्तित भएका किसान पछिल्लो समय ढोरपाटनमा पर्यटक बढ्न थालेपछि घोडा व्यवसाय फस्टाउँदै छ ।

ढोरपाटनमा आउने पर्यटकले घोडामा सवार गर्न, तस्बिर तथा भिडियो खिच्नका लागि घोडा सवार गर्न थालेपछि पहिले बिक्री गरेका किसानले अहिले धमाधम किन्न थालेका छन् । पहिले बेकामे बनेका घोडा अहिले आम्दानीको स्रोत बन्न थालेका व्यवसायीको भनाइ छ ।

पर्यटकको चाप बढ्दै गएपछि अहिले घोडा व्यवसाय पनि फस्टाउन थालेको ढोरपाटन नगरपालिका–९ का खिमबहादुर विकले बताए । उपत्यकाबाट बुकीपाटनसम्म जानआउन चार हजार रुपैयाँ देखि पाँच हजारसम्म लिने गरेको उनको भनाइ छ । घोडा चढेर चौरमा फोटो तथा भिडियो खिचेको ५० रुपैयाँ देखि १५० रुपैयाँ लिने जनाउँदै अहिले ढोरपाटनमा धेरैले घोडा किन्न थालेका उनले बताए ।

'करिब १०–१५ वर्ष अगाडि ढोरपाटनमा घोडा खच्चड नहुने कोही थिएनन्, धेरैले सामान ढुवानी गरेर जीविकोपार्जन गर्थे, टाढाटाढाबाट अप्ठ्यारो बाटोमा घोडा खच्चडले भारी बोकेर ल्याउने÷पु¥याउने गर्थे', उनले भने, 'केही वर्ष घोडा खच्चड पालेँ पनि आम्दानी नभएपछि पाल्न छोडिएको थियो । अहिले दुई–चार जना पर्यटक बोके पनि कमाइ हुन्छ ।'

ढोरपाटन पुग्ने पर्यटकले उपत्यकासहित बुकीपाटन, निसेलढोर र जलजलासम्म घोडामा जाने गर्छन् । पहिले ढोरपाटनमा उत्पादन भएको आलु, स्याउ, सिमीलगायत वस्तु बजार पु¥याउने र बजारबाट अन्य खाद्यान्न ल्याउने घोडा खच्चडले अहिले पर्यटक बोक्न थालेका घोडा व्यवसायी धनराम विकले बताए ।

अहिले गाडीमार्फत सामान ढुवानी गरे पनि गाडी नपुग्ने स्थानमा घोडाको प्रयोग हुने विकको भनाइ छ । उनका अनुसार पहिले एउटै किसानले दुई दर्जन बढीसम्म घोडा पाल्ने गरे पनि अहिले भने कम पाल्न थालेका छन् ।

व्यवसायीले घोडा चढाएबापत बढी शुल्क लिने गरेको गुनासो पनि आउने गरेको छ । घोडामा चढेर एकपटक फोटो खिच्दा ३०० रुपैयाँ तिर्नु परेको ढोरपाटन घुम्न आउनुभएका कुलदीप तामाङले बताए । सुरुमा १०० रुपैयाँ भने पनि व्यवसायीले अन्तिममा ३०० रुपैयाँ मागेका उनको गुनासो छ । पर्यटकबाट बढी शुल्क असुल्ने व्यवसायीलाई कारबाही गर्नुपर्नेमा तामाङले जोड दिए ।

ढोरपाटनमा पछिल्लो समय दैनिक २०० बढी पर्यटक पुग्ने गरेका छन् । बर्खामा वनफूलसँग रमाउने र हिउँमा हिउँ खेल्न ढोरपाटन आउने पर्यटकको सङ्ख्या बढ्दै गएको हो । ढोरपाटन सिकार आरक्ष कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेकामा आव २०८१/८२ मा पर्यटकको सङ्ख्या आठ हजारले बढेर २३ हजार ६९२ पुगेको छ ।रासस

# नेप्सेसँगै घट्यो कारोबार रकम

**काठमाडौं ।**
साताको तेस्रो कारोबार दिन नेप्से परिसुचक १९.८९ अंकले घटेसँगै शेयर कारोबार पनि घटेको छ । सोमबार १२.०३ अंकले बढेर २७६१.८६ बिन्दुमा रोकिएको नेप्से परिसुचक मंगलबार भने ०.७२ अंकले घटेर २७४१.९७ बिन्दुमा रोकिएको छ ।

सोमबार ५ अर्ब १० करोड ५७ लाख ४६ हजार ६५७ रुपैयाँ बरारबरको १ करोड १४ लाख ४० हजार ८४४ कित्ता शेयर कारोबारमा मंगलबार भने ४ अर्ब ४३ करोड ८२ लाख ५१ हजार ८१२ रुपैयाँको १ करोड ५ लाख ३५ हजार ८७४ कित्ता शेयर कायारेबार भएको छ ।

आज सेन्सेटिभ इन्डेक्स २.६९ अंकले घटेको छ । फ्लोट इन्डेक्स १.२३ अंकले घटेको छ भने सेन्सेटिभ फ्लोट इन्डेक्स ०.९८ अंक घटेको छ ।

यसदिन हिमस्टार उर्जा कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

यस कम्पनीको शेयर मूल्य आज प्रतिकित्ता ९.९८ प्रतिशतले बढेर २९४.२० रुपैयाँमा अन्तिम कारोबार भएको छ । युनियन हाइड्रो पावर लिमिटेडको शेयर मूल्य ३.६० प्रतिशतले बढेर प्रतिकित्ता ४०२.४० रुपैयाँमा अन्तिम कारोबार भएको छ । एभरेष्ट बैंकलिमिटेडको शेयर मूल्य प्रतिकित्ता ३.२२ प्रतिशतले बढेर १०९० रुपैयाँमा अन्तिम कारोबार भएको छ ।

आज उन्नती सहकार्य लघुवित्तको शेयर मूल्यमा सबैभन्दा धेरै गिरावट आएको छ । यस कम्पनीको शेयर मूल्य ७.४७ प्रतिशतले घटेर २०४६.७६ रुपैयाँमा अन्तिम कारोबार भएको छ । दोर्दिखोला जलविद्युत कम्पनीको शेयर मूल्य ७.३२ प्रतिशतले घटेर २५५.०३ रुपैयाँमा अन्तिम कारोबार भएको छ । कुमारी सबल योजनाको शेयर प्रतिकित्ता ४.७९ प्रतिशतले घटेर ८.९४ रुपैयाँमा अन्तिम कारोबार भएको छ । यसदिन नेपाल रिइन्स्यारेन्स, हिमालयन रिइन्स्योरेन्स, युनियन हाइड्रोपावर, दोर्दिखोला जलविद्युत आयोजना र हिमालयन डिस्टिलरीको शेयर सबैभन्दा धेरै कारोबार भएको छ ।रासस

# अफगानिस्तानमा भूकम्पः मृत्यु हुनेको संख्या बढ्दो

**एजेन्सी ।**
पूर्वी अफगानिस्तानमा गएको भूकम्पबाट मृत्यु हुनेको संख्या बढ्दै गएको छ । हालसम्म कम्तिमा ८१२ जनाको मृत्यु भएको र २,८१७ जना घाइते भएको पुष्टि भएको छ।

स्थानीय सरकारले भग्नावशेषबाट उद्धार गरिएका घाइतेहरूलाई हेलिकप्टर स्थानान्तरण कार्यहरूको समन्वय गरिरहेको छ।

अफगान अन्तरिम सरकारले कुनार प्रान्त र छिमेकी क्षेत्रहरूमा ६.० म्याग्निच्युडको भूकम्पमा कम्तिमा ८१२ जनाको मृत्यु भएको र २,८१७ जना घाइते भएको पुष्टि गरेको छ । मृतकको संख्या प्रारम्भिक अनुमान मात्र भएको र यसको संख्या बढ्ने छ ।

'हामीले सबैथोक गुमायौं। मेरा दुई छोराको भूकम्पमा खुट्टा भाँचियो। हाम्रो सबै सम्पत्ति नष्ट भयो,' कुनारका बासिन्दा खयात खानले भने।

'हिजो राति भूकम्पमा मेरो परिवारका दुई सदस्यको मृत्यु भयो। हाम्रो घर पूर्ण रूपमा ध्वस्त भयो। हामीलाई आश्रय र आवश्यक सहयोग चाहिएको छ, प्रान्तका अर्का पीडित नेलातुल्लाहले भने। प्रभावित क्षेत्रमा उद्धार र राहतका कार्यक्रमहरु जारी राखिएको छ ।(सीसीटीभीप्लस)

# चिया श्रमिकले अब दैनिक न्यूनतम रु पाँच सय ६५ पाउने

**झापा ।**
नेपाल चिया उत्पादक सङ्घ र श्रमिकहरूको ट्रेड युनियनहरूबीच चिया मजदुरको पारिश्रमिक वृद्धि गर्ने सहमति भएको छ । नेपाल चिया कफी श्रमिक युनियनका अध्यक्ष सन्तकुमार राईले नवौँ पटकको वार्तापछि रोजगारदाता र श्रमिकका प्रतिनिधि सङ्गठनहरूबीच मजदुरको न्यूनतम पारिश्रमिक वृद्धि गर्ने सहमति भएको बताए ।



नेपाल चिया उत्पादक सङ्घको भद्रपुरस्थित कार्यालयमा सोमबार भएको सहमतिमा सङ्घका तर्फबाट वार्ता समिति संयोजक जेपी शर्माले हस्ताक्षर गर्नुभएको छ । त्यसैगरी, श्रमिक सङ्गठनहरुको तर्फबाट नेपाल चिया कफी श्रमिक युनियनका अध्यक्ष सन्तकुमार राई, अखिल नेपाल चिया मजदुर सङ्घकी अध्यक्ष सीता सापकोटा र नेपाल चिया बगान श्रमिक सङ्घका अध्यक्ष दीपक तामाङले हस्ताक्षर गरेका छन ।

नयाँ सहमतिअनुसार चिया श्रमिकले दैनिकतर्फ न्यूनतम पाँच सय ६५ रुपैयाँ पारिश्रमिक पाउनेछन् भने मासिकतर्फ न्यूनतम १५ हजार ६९९ रुपैयाँ पाउने भएका छन् । हरेक दुई वर्षमा पारिश्रमिक वृद्धि गर्ने पुरानो सहमति अनुरुप भएको वार्ताबाट दुवै पक्ष पारिश्रमिक बढाउन सहमत भएका हुन् ।

यसअघि मजदुरले दैनिक पारिश्रमिकतर्फ पाँच सय रुपैयाँ र मासिक पारिश्रमिकतर्फ १३ हजार ८९३ रुपैयाँ पाउँदै आएका थिए । सहमतिअनुसार दैनिक पारिश्रमिकतर्फ आधारभूत पारिश्रमिकमा ३९ रुपैयाँ र महँगी भत्तामा २६ रुपैयाँ वृद्धि भएको छ । मासिक पारिश्रमिकतर्फ आधारभूत पारिश्रमिकमा एक हजार १६२ रुपैयाँ र महँगी भत्तामा छ सय ४४ रुपैयाँ वृद्धि भएको छ ।

रोजगारदाता र श्रमिकका ट्रेड युनियनहरुबीच भएको यस सहमतिलाई नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत गठित न्यूनतम पारिश्रमिक निर्धारण समितिमा सिफारिस गरेर पठाइने नेपाल चिया कफी श्रमिक युनियनका अध्यक्ष राईले जानकारी दिए ।

उक्त समितिले यही सहमतिका आधारमा निर्णय गरी नेपाल सरकारको राजपत्रमा प्रकाशित गर्ने उनले बताए ।

दुवै पक्षबीच २०८२ साल साउन १ गतेदेखि नै पारिश्रमिक वृद्धि लागू हुने सहमति भएको छ । पारिश्रमिक वृद्धिका लागि मजदुरको ट्रेड युनियनहरूले साउन १८ गतेदेखि आन्दोलनको सुरुआत गरेपछि नेपाल चिया उत्पादक सङ्घसँग वार्ता थालिएको थियो । सहमतिसँगै आगामी दुई वर्षका लागि पारिश्रमिक विवाद टुङ्गिएको छ ।

जिल्ला नेपालमै सबैभन्दा बढी चिया बगान रहेको जिल्ला हो । बगानमा नियमित र मौसमी गरी दुई प्रकारका मजदुर रहँदै आएका छन् । नियमित श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आगामी असोज मसान्तसम्ममा समेट्नका लागि कार्यरत मजदुरहरूको लगत सङ्कलन गरिनेसमेत सहमति भएको छ ।
रासस

# सागर डिष्टिलरीले भदौ २५ देखि आईपीओ निष्कासन गर्ने

**काठमाडौं ।**
सागर डिष्टिलरी लिमिटेडले आगामी भदौ २५ गतेदेखि सर्वसाधारणका लागि आईपीओ निष्कासन गर्ने भएको छ । कम्पनीले १०० रुपैयाँ अंकित दरका ११ लाख ९० हजार ६४० कित्ता शेयर जारी गर्दै ११ करोड ९० लाख ६४ हजार रुपैयाँ बराबरको पूँजी संकलन गर्नेछ ।

यस आईपीओमा सामूहिक लगानी कोषका लागि ७२ हजार ६०० कित्ता र कम्पनीका कर्मचारीका लागि ४३ हजार ५६० कित्ता शेयर छुट्याइएको छ । बाँकी शेयर सर्वसाधारणका लागि खुला हुनेछ । लगानीकर्ताले न्यूनतम १० कित्ता र अधिकतम १० हजार कित्तासम्मका लागि आवेदन दिन सक्नेछन् ।

आवेदन नेपाल धितोपत्र बोर्डबाट स्वीकृत आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुको शाखा कार्यालयमार्फत तथा 'मेरो सेयर' अनलाइन प्रणालीमार्फत गर्न सकिनेछ ।

मुक्तिनाथ क्यापिटल लिमिटेडले यस आईपीओको निष्कासन तथा बिक्री प्रबन्धकको जिम्मेवारी लिएको छ । आईपीओ निष्कासन छिट्टोमा भदौ २९ गते र ढिलोमा असोज ३ गते बन्द हुने जनाएको छ ।

यसअघि कम्पनीले पहिलो चरणअन्तर्गत वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि आईपीओ जारी गरेको थियो ।रासस

# लुम्बिनी प्रदेशमा विपद्मा परी साउनमै ४३ ले ज्यान गुमाए

**लुम्बिनी।**
लुम्बिनी प्रदेशमा गत साउन महिनामा विभिन्न विपदमा परी ४३ जनाले ज्यान गुमाएका छन् । प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रका अनुसार सो अवधिमा १५४ जना घाइते भएका छन् भने दुई जना बेपत्ता छन्।

सो अवधिमा बाढी, डुबान, अतिवृष्टि, आगलागी, विषालु खाद्य सेवन, पहिरो, जनावर आक्रमण, चट्याङलगायत ३३५ वटा घटना घटेका थिए। ती घटनाका कारण मानवीय क्षति भएको हो। यसरी भएको विपद्ले ५१ लाख रुपैयाँ बराबरको भौतिक क्षति पुगेको अनुमान गरिएको छ। साउनमा मात्र बाढीमा परेर दुई, पानीमा डुबेर २७, आगलागीमा परेर एक, विषाक्त खाद्य सेवनका कारण चार, सर्पदंशका कारण आठ र अन्यमा एक गरी ४३ जनाको मृत्यु भएको जनाइएको छ । प्रदेशस्तरीय विवरणअनुसार दाङमा सात, कपिलवस्तुमा नौ, रूपन्देहीमा पाँच, बाँकेमा दुई, गुल्मीमा दुई, पाल्पामा दुई, प्युठानमा चार, बर्दियामा तीन, अर्घाखाँचीमा दुई, नवलपरासी पश्चिममा दुई, रुकुमपूर्वमा एक र रोल्पामा चार जनाको ज्यान गएको छ।

यस अवधिमा २१ निजी घर पूर्ण क्षतिग्रस्त भएका छन भने १२ आंशिक क्षति भएका छन्। एक सरकारी भवन पूर्ण रूपमा क्षतिग्रस्त हुँदा दुईवटा भवनमा आंशिक क्षति भएका छन्। पशु क्षति ३० र गोठ क्षति २० रहेको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ।

लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयअन्तर्गतको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रका अनुसार विपद् न्यूनीकरण तथा उद्धारमा स्थानीय तह, सुरक्षा निकाय र समुदायबीच समन्वयलाई अझ सशक्त बनाउने तयारी गरिएको छ।रासस

# व्यासको तिङ्कर गाउँमा टेलिफोन सेवा अवरुद्ध

**दार्चुला।**
चीनको सीमा नजिकको दार्चुलाको गाउँ तिङ्करमा तीन साताटेखि सञ्चार विच्छेद भएको छ। गत साउन २८ गते आएको बाढीपछि तिङ्कर गाउँमा टेलिफोन सेवा अवरुद्ध भएको हो।

तिङ्कर गाउँमा नेपाल टेलिकमको टुजी सेवा जोडिएको थियो। तर टेलिफोन टावरमा चट्याङले क्षति पुर्याएपछि टेलिफोन सेवा बन्द भएको हो। फोन सेवा नहुँदा समस्या भएको स्थानीय आस्तिक तिङ्करीले बताए। गाउँमा भिसेट फोन पनि छ। तर निरन्तरको वर्षाका कारण त्यसले राम्रोसँग काम नगरेको उनले बताए।

व्यास गाउँपालिका–१ को तिङ्करमा ७० परिवारको बसोबास छ। यहाँका नागरिक गत जेठमा सदरमुकाम खलङ्गाबाट कुञ्चा (बसाई) सरेका थिए। व्यास–१ का वडा सचिव विनोदसिंह बुढाथोकीले भने, 'गत साउन २८ गतेदेखि नेपाल टेलिकमको टावरले काम नगर्दा स्थानीयसँगको सम्पर्क टुटेको छ।' यहाँका बासिन्दा मङ्सिरमा फेरि खलङ्गा झर्ने गर्छन्। नेपाल टेलिकम दार्चुलाका प्रमुख कृष्णबहादुर गुरुङले तिङ्करको टावरमा जडान भएको सफ्टवेयरमै समस्या भएको हुनसक्ने बताए। 'सेवा सञ्चालन नभएकाबारे केन्द्रीय कार्यालयलाई जानकारी गराएका छौँ। समस्या समाधानको प्रयास भइरहेको छ', उनले भने।रासस

# 'लोक सेवा पहुँच कार्यक्रम' देशका सातै प्रदेशमा

**कर्णाली।**
लोक सेवा आयोगले देशका सातै प्रदेशमा 'लोक सेवा पहुँच कार्यक्रम' सञ्चालन गरेको छ। आयोग स्थापनाको ७५औँ वर्षका अवसरमा प्रदेश, स्थानीय तह र विश्वविद्यालयहरूको समन्वय तथा सहकार्यमा देशका सातै प्रदेशमा 'लोक सेवा पहुँच कार्यक्रम' सञ्चालन गरेको लोक सेवा आयोग सुर्खेत कार्यालयका प्रमुख रुद्रबहादुर कार्कीले जानकारी दिए।

आयोगको कार्यतालिकाअनुसार सोमबार कोशी र लुम्बिनी प्रदेशमा कार्यक्रम सम्पन्न गरिएको जनाउँदै कार्यालय प्रमुख कार्कीले भोलि भदौ १८ गते कर्णाली र मधेस, २० गते गण्डकी र सुदूरपश्चिम, २७ गते बागमती प्रदेशमा उक्त कार्यक्रम सम्पन्न गरिने बताए। कर्णालीमा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीसहितको सहभागिता हुने उनको भनाइ छ।

'समाजमा अहिले पनि ठूलो सङ्ख्यामा युवा विद्यार्थी तथा सर्वसाधारण नागरिकले आयोगको निष्पक्ष परीक्षा प्रणाली, उम्मेद्वार छनोट प्रक्रिया, तयारी विधि र पारदर्शी चयन पद्धतिबारे पर्याप्त जानकारी छैन', उनले भने, 'अर्कोतर्फ आयोगमा पनि भनसुन हुन्छ भन्ने बुझाइको चिरफार गर्ने हेतुले आयोगले यो कार्यक्रम तय गरेको हो।'

कर्णालीका १० जिल्लाबाट १० का दरले ६० जना, १२ जना विश्वविद्यालय, १० पत्रकारसहित करिब एक सय जनाको सहभागिता हुने कार्यालय प्रमुख कार्कीले बताए। पहिलोपटक सार्वजनिक रूपमा गर्न थालिएको सो कार्यक्रमबाट युवा विद्यार्थीलाई सार्वजनिक सेवाप्रति आकर्षण र विश्वास बढाउन सकिने आयोगको अपेक्षा छ।रासस

# पहिरोले सालझण्डी–ढोरपाटन सडक अवरुद्ध हुँदा पर्यटक अलपत्र

**बागलुङ।**
पहिराले राष्ट्रिय प्राथमिकताको आयोजना सालझण्डी–ढोरपाटन सडक अवरुद्ध भएको छ। भारी वर्षाका कारण ढोरपाटन नगरपालिका–७ धाराबोटमा पहिरो खस्दा सडक अवरुद्ध भएको हो।

सडक अवरुद्ध भएपछि सिकार आरक्ष ढोरपाटन घुमेर फर्किने र जाने पर्यटक अलपत्र परेका हुन्। सोमबार साँझ पहिराले अवरुद्ध बनेको सडक अहिलेसम्म खुलाउन नसकिएको इलाका प्रहरी कार्यालयका प्रमुख आनन्द बस्नेतले जानकारी दिए। पहिरो धेरै ठूलो हुँदा सडक खुलाउन समय लाग्ने उनको भनाइ छ।

योबाहेक अरु वैकल्पिक सडक नहुँदा स्थानीयलाई समेत आवतजावतमा समस्या भएको बस्नेतले बताए। साँझ नै सडक खुलाउने प्रयास गरे पनि वर्षाका कारण नसकिएको उनको भनाइ छ। बिहानैदेखि सडक खुलाउन उपकरण प्रयोग गरेको उनले बताए।

'पहिरो धेरै ठूलो गएको हुँदा सडक खुलाउन समस्या भएको छ, बिहानदेखि नै मेसिन प्रयोग गरिएको छ, अझै समय लाग्ने देखिन्छ, सडक अवरुद्ध हुँदा सबैभन्दा बढी पर्यटक समस्यामा परेका छन्', उनले भने, 'आवतजावत गर्नका लागि अरु वैकल्पिक सडक नहुँदा गाह्रो भयो।' मौसम र सडकको अवस्था बुझेमात्र ढोरपाटन घुम्न आउन पर्यटक प्रहरीले आग्रह गरेको छ।रासस

# धादिङ–मलेखु सडकः दारेगौँडाभिरमा अझै भासिने र पहिरो जाने क्रम रोकिएन

**धादिङ।**
धादिङ–मलेखु सडकखण्डको दारेगौँडाभिर वर्खा सुरु भएसँगै यस वर्ष पनि उच्च जोखिममा परेको छ। कालु पाण्डे मार्गअन्तर्गत धादिङको नीलकण्ठ नगरपालिका–८ ससाह नजिकै पर्ने दारेगौँडामा सडक पहिराले जोखिममा परेको हो। स्थानीयका अनुसार सडक पक्की भएको वर्षदेखि सडकको अवस्था जोखिमपूर्ण छ। सदरमुकाम धादिङबेँसीलाई पृथ्वी राजमार्गसँग जोड्ने कालु पाण्डे मार्ग २०५८ सालमा कालोपत्र भएको हो। सडक भासिने र पहिरो जाने क्रम रोकिएको छैन।

विसं २०५६ बाट सुरु भएर २०५८ सालमा कालोपत्र सकिँदादेखि हालसम्म निरन्तर यही सडक प्रयोग गर्दै आउनुभएका स्थानीयवासी भरत ढुङ्गाना भने 'पछिल्ला वर्षहरूमा सडक तलतिर दबिने र माथिबाट पहिराले धकेल्ने क्रम झन् बढेको छ।'

सदरमुकाम धादिङबेँसी जोड्ने मुख्य सडक यही हो। नीलकण्ठ –८ दारेगौँडामा सडक भासिन थालेको झण्डै २४ वर्ष भयो। हुन त गत आर्थिक वर्षमा नुवाकोट सडक डिभिजन कार्यालयले मर्मतको ठेक्का लगाएको थियो। मर्मत सुरु भएको पनि थियो। तर भौगोलिक अवस्था अध्ययन नगरी हचुवाका भरमा काम गरिँदा काम सक्नै नपाई पहिराले क्षति पुर्यायो। त्यसैको परिणाम अहिले झन् समस्या उत्पन्न भएको ढुङ्गानाले बताए।

हरेक समय सडकको बीच भागबाट नै चिरा परेर भासिँदै जाने र बर्सेनि टालटुल गरेर त्यसैमाथि कालोपत्र हालिदै आएको सडकमा अहिले त नजिक पुग्दा पनि डरलाग्दो बनेको छ। सडकको छेउबाट कुनासम्म नै दबिएको छ। आधा भागमा त मान्छे गएर उभिनसक्ने अवस्था पनि छैन। कुनापट्टिबाट देखिएर जसोतसो गाडी वारपार भइरहेको छ। ठूला गाडीले आधा टायर पहिरोमा झुण्ड्याएरै पहिरो छिचोल्नुपर्ने बाध्यता छ।

अन्यत्र जिल्लाबाट सदरमुकाम धादिङबेँसी जोड्ने मुख्य सडकको दारेगौँडा पार गर्दा यात्रु र सवारी चालकलाई हम्मेहम्मे हुने गर्दछ। चालक डम्बरबहादुर श्रेष्ठले भने, 'पहिरोको बीचतिर पुग्दा त ज्यानै सिरिङ्ग हुन्छ, लोड लिएर आएको बेला गाडीसहित खसियो भने बाँचुन्ला भन्ने आश छैन।' पहिरोको लम्बाइ करिब एक सय मिटरमात्र छ। सडक मर्मतमा ध्यान नदिँदा हरेक वर्ष जोखिम बढ्दै गएको हो। भासिएको स्थानमा अन्य ठाउँमा भन्दा पहिलादेखि नै सडक साँघुरो पनि छ। सडकको तल्लोपट्टि थोपल खोला छ। खोलाकिनारदेखि नै सुरु भएको पहिरोले सडक तानिरहेको छ। माथिबाट पनि पहिरो खस्ने क्रम दिनहुँ बढ्दो छ।

सडक भासिएर जोखिम बनेको सबैलाई थाहा छ। सडक विभाग, स्थानीय सरकारका जिम्मेवार व्यक्ति दैनिक यही सडक हुँदै सदरमुकाम आवतजावत गर्छन्। तर सम्भावित जोखिम र दुर्घटनाबारे चासो देखाएको पाइँदैन। जानकारहरूका अनुसार पहिरो रोक्न खोला किनारदेखि नै पर्खाल उठाएर मर्मत गर्नुपर्छ। मर्मतका नाममा पहिलोपटक यस वर्ष केही भागमा ग्याबियन जाली लगाइयो। त्यो ग्याबियन जालीपछि सडकसँगै भासिएको छ। जग नै बलियो नभएको सडकको टुप्पामा अलिकति जाली लगाएर सडक विभागले झारा टार्ने काममात्र गरेको स्थानीयको गुनासो छ।

कालु पाण्डे मार्गका तत्कालीन सुपरभाइजर अर्जुन सापकोटाले 'स्वायल टेष्ट' गरेर दीर्घकालीन समाधानको बाटो खोजिरहेको बताउनुभएको थियो। तर गत आर्थिक वर्ष बजेट हालेर पनि दीर्घकालीन बाटो पहिल्याउन नसक्दा जोखिम झनै बढेको छ। भएका वैकल्पिक सडकको सामान्य मर्मत गरी प्रयोगमा ल्याउन र त्यस स्थानमा हुनसक्ने सम्भावित दुर्घटना रोक्नतर्फ सम्बन्धित निकायलाई स्थानीयले ध्यानाकर्षण गराएका छन्। यस्तो छ वैकल्पिक बाटो

वैकल्पिक बाटोका रूपमा ससाहको देउराली चौताराबाट ईँटाभट्टा, मैदी भञ्ज्याङ हुँदै तल्लो ज्यामिरेको प्रतीक्षालय निस्कन मिल्छ। तर कच्ची सडक हिलो र खाल्डाखुल्डी मर्मत नगरिँदा सवारीसाधनले यो बाटो पनि प्रयोगमा ल्याउन सकेका छैनन्। फोरह्वील र अग्ला सवारी जान सक्ने भए पनि सबै खालका सवारीसाधन पार गर्न सक्ने अवस्था नहुँदा वैकल्पिक बाटो प्रयोगविहीन छ।

ससाह खोला र खेत आसपासका करिब पाँच सय मिटर दूरीमा सडक अप्ठ्यारो छ। अप्ठ्यारो भागमा ग्राभेल गरेर वैकल्पिक बाटो प्रयोगमा ल्याउन सकिए सम्भावित दुर्घटना रोक्न सकिनेछ। दारेगौँडाको पहिरो नजिकै चौताराबाट पनि मैदीभञ्ज्याङ हुँदै तल्लो ज्यामिरे निस्कने बाटो पनि छ।रासस

## बिपी राजमार्गः
# अवरुद्ध हुन नदिन पुनःमर्मत गरिँदै

**काभ्रेपलाञ्चोक।**
बिपी राजमार्गमा आसन्न चाडबाडमा अवरुद्ध हुन नदिन पुनः मर्मत गरिने भएको छ। हालको मनसुनमासमेत अवरुद्ध हुन नदिइएको उक्त राजमार्गको क्षतिग्रस्त सडक दुई हप्ताभित्र पुनः मर्मत गरिसक्ने भक्तपुर डिभिजन सडक कार्यालयले जनाएको छ।

करिब एक वर्षअघिको बाढीपहिरोले क्षतविक्षत बनाएपछि अस्थायी निर्माण गरी राजमार्ग सञ्चालन भइरहेको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिए।

कार्यालयले बाढीपहिरोपश्चात पहिलाकोभन्दा केही फिट उचाइमा अस्थायी फिलिङ गरी यातायात सञ्चालनार्थ निर्माण गरिएको सडक हालको वर्षामा क्षति हुन नदिन सतर्कता अपनाउँदै 'इक्युपमेन्ट' र संरचना निर्माण गरेको जनाएको छ। बाढीले क्षति गर्नसक्ने काभ्रेपलाञ्चोकतर्फको चौकीडाँडा, कटुञ्जेबेँसी, मङ्गलटार र मान्थलीमा हुनसक्ने क्षति रोक्न ग्याबियन जालीको पर्खाल लगाइएको र सडक अवरुद्ध भइहाले पन्छाउन ठूला बोल्डर तयारी अवस्थामा राखिएको थियो। कार्यालयले वर्षायाममा बाढीपहिरोका कारण हुनसक्ने राजमार्ग अवरुद्ध तत्काल हटाउन सडक पुनर्निर्माणका लागि ठेक्का लागेको सडकखण्डमा निर्माण व्यवसायीको १५–१५ वटा उपकरणका साथै डिभिजनले डोजर, टिपर, लोडरलगायत सात उपकरण तयारी अवस्थामा राखिएको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर योगेशले बताए। विसं २०८१ असोजको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडकलाई चार खण्डमा पुनर्निर्माण गर्नेगरी प्रक्रिया अघि बढाएको छ। बाढीपहिराले आठ किलोमिटर सडक पूरै बगाएको थियो। क्षतिग्रस्त बिपी राजमार्गको पुनर्निर्माणका लागि काभ्रेपलाञ्चोक क्षेत्रमा तीन खण्ड र सिन्धुलीतर्फ एक खण्डमा दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित काम हुने भएको हो।

उक्त सडकखण्ड क्षतिग्रस्त भएपछि गत सालको दसैँमा त्यसमार्ग भएर पूर्वतर्फ घर जान चाहनेहरूले वैकल्पिक मार्ग प्रयोग गरे। 'यो मनसुनमा राजमार्ग अवरुद्ध हुन दिइएन, अब दसैँलगायत चाडपर्वमा अवरुद्ध हुन नदिन पुनः मर्मत थालेकैछौँ', योगेशले भने। उनका अनुसार बाढीपहिरो आए, निर्माण व्यवसायीले खुलाउनेछन्। यसका लागि ठेक्का लागेका व्यवसायी मेसिन लिएर बाढीपहिरो आए सडक खुलाउन तैनाथ रहेको योगेशको भनाइ छ। चाडबाडलाई मध्यनजर गर्दै खाल्डाखुल्डी पुर्दै सडक सुधार गर्ने योजना रहेको जनाइएको छ।उक्त राजमार्गमा भदौ १६ गतेदेखि थप १५ दिन सवारी सञ्चालनमा रोक लगाइएको छ।

जोखिमका कारण गत असार ७ गतेदेखि राति सवारी सञ्चालनमा रोक लगाउँदै आइएकामा भदौ मसान्तसम्म रातको समयमा १२ घण्टा रोक लगाइएको काभ्रेपलाञ्चोक जिल्ला प्रशासन कार्यालयले जनाएको छ। जिल्ला सुरक्षा समितिको आइतबार सम्पन्न बैठकले उक्त राजमार्गमा साँझ ५:०० देखि बिहान ५:०० बजेसम्म राजमार्गमा यात्रुवाहक तथा निजी सवारी सञ्चालनमा रोक लगाउने निर्णय गरेको हो। कार्यालयले उक्त राजमार्गअन्तर्गत जिल्लाको काभ्रेभञ्ज्याङबाट सिन्धुली–सीमा नेपालथोकसम्म थप १५ दिन रोक लगाइएको जनाएको छ।

हाल दैनिक करिब तीन हजार सवारीसाधन आवतजावत गर्ने उक्त राजमार्गमा चाडबाडका बखत तेब्बर सवारीसाधन ओहोरदोहोर गर्छन्। उक्त राजमार्ग दुई वर्षमा



पुनर्निर्माणका लागि हाल काभ्रेपलाञ्चोकतर्फ दुई र सिन्धुलीतर्फ एक गरी तीन प्याकेज बनाएर ठेक्का सम्झौता गरिएको छ। स्थायी निर्माणको काम भने मनसुन बाहिरिएपछि मात्र सुरु हुने जनाइएको छ। क्षतिग्रस्त राजमार्गको पाँच किमी सडकखण्डमा जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले काम गर्नेछ। जाइकाले पिप्लेबाट बर्खे खोलासम्म तीन दशमलव दुई किमी सडक निर्माण गर्नेछ। त्यसका लागि फाइनल सर्भेको काम सकिएको छ। ठेक्का सम्झौता नहुन्जेल यस खण्डको मर्मतसम्भारको काम कार्यालयअन्तर्गत नै हुने योगेशले बताए। यस राजमार्ग हाल इन्टरमिडियट लेनको छ भने अब दुई लेनको निर्माण हुने भएको हो। सरकारले क्षतिग्रस्त बिपी राजमार्गको स्थायी निर्माण र मर्मतका लागि भक्तपुर सडक डिभिजनलाई सात अर्ब ५० करोड रुपैयाँ र सिन्धुलीको खुर्कोट सडकखण्डलाई एक अर्ब रुपैयाँ उपलब्ध गराएको छ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३÷५४ बाट बिपी राजमार्ग (धुलिखेल–सिन्धुली–बर्दिबास एक सय ६० किमी सडक) निर्माणकार्य सुरु गरिएको थियो। खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ साल असार १८ गते औपचारिक रूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो। उक्त राजमार्ग केन्द्रीय राजधानी काठमाडौँलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा लिइएको छ।रासस

# बाढीमा बगेर दुई युवकको मृत्यु

**रसुवा।**
दुई दिनअघि सदरमुकामबाट आफ्नो घर ठाडेगाउँतर्फ जाने क्रममा हराएका दुई युवकको शव आज फेला परेको छ। प्लेञ्जुङ खोलाको बाढीमा परी उनीहरूको ज्यान गएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख हेमबहादुर शाहीका अनुसार गोसाइकुण्ड गाउँपालिका– ६ ठाडेका २३ वर्षीय दावाछिण्डुप तामाङ र सुदीप घलेको मृत्यु भएको हो।

गत आइतबार मोटरसाइकलमा घरतर्फ गइरहेका उनीहरू घर नपुगेपछि खोजी थालिएको थियो। शव भेटिए पनि उनीहरू सवार मोटरसाइकल भेटिएको छैन। यस सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको छ।रासस

# श्रीमतीको शव भान्सामा हत्या अभियोगमा श्रीमान् पक्राउ

**अर्घाखाँची।**
यहाँका एक व्यक्तिलाई श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ गरिएको छ। छत्रदेव गाउँपालिका–४ का किरण गुरुङलाई उक्त अभियोगमा मंगलवार पक्राउ गरिएको हो।

जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख चक्रबहादुर मल्लका अनुसार निजले एक साताअघि ३४वर्षीया सुमित्राको हत्या गरेर भान्साकोठामा नै शव गाडेका थिए। छोरी हराएको जाहेरी प्रहरीमा परेपछि अनुसन्धान गर्दा भान्सामा सडेको शव फेला परेको हो।

घरायसी विवाद बढेपछि आवेशमा आफूले हत्या गरेको अभियुक्तले स्वीकार गरेका छन्। अभियुक्त प्युठानको नौबहिनी गाउँपालिका– १ स्थायी बासिन्दा हुन्।रासस

# सामुदायिक वनक्षेत्रमा पर्यापर्यटनको गतिविधि बढ्दै

**झापा।**
कोशी प्रदेशका नौवटा जिल्लाका ५४ सामुदायिक वनले आयआर्जन गर्ने उद्देश्यले पर्यापर्यटनको गतिविधि सञ्चालन गरिरहेका छन्। जसमध्ये आधाभन्दा बढी सिमसार क्षेत्र छन्।

पर्यटक आकर्षित गर्ने यी सामुदायिक वनमध्ये २३ वटा झापामा छन् भने नौवटा सुनसरी र सातवटा मोरङमा छन्। उदयपुरमा पाँच, धनकुटामा तीन, तेह्रथुममा तीन, इलाममा दुई, ताप्लेजुङमा एक र सङ्खुवासभाको एक सामुदायिक वन पर्यापर्यटनमा सक्रिय रहेको कोशी प्रदेशको वन निर्देशनालयका सहायक वन अधिकृत सुशान्त पोखरेलले जानकारी दिए।

वन पैदावारको संरक्षण, उत्पादन र बिक्री वितरण गर्ने परम्परागत क्रियाकलापबाट अघि बढेर सामुदायिक वनहरू पर्यापर्यटनको क्षेत्रमा अग्रसर भइरहेका छन्। पर्यापर्यटनमा लागेका अधिकांश सामुदायिक वनले आफ्नो वन क्षेत्रमा रहेको प्राकृतिक सिमसार र पोखरीलाई पर्यटक आकर्षण गर्ने माध्यम बनाएका छन्।

प्रादेशिक वन निर्देशनालयका सहायक वन अधिकृत पोखरेलका अनुसार ५४ मध्ये ३३ वटा सामुदायिक वनले सिमसारलाई पर्यटकीय क्षेत्र बनाएका छन्। अधिकांश सामुदायिक वनले वनभोज, नौका विहार, मिनी चिडियाखाना, बाल उद्यान, मनोरञ्जनात्मक खेल, वन उद्यान र सेल्फी खिच्ने ठाउँका रूपमा आफ्नो क्षेत्रलाई पूर्वाधारसहित आकर्षक बनाएका छन्।

तीन वटा सामुदायिक वनमा मिनी चिडियाखाना र अरु दुई वटामा वन्यजन्तु उद्धार केन्द्र सञ्चालनमा छन्। पर्यटकहरू चिडियाखानामा राखिने जीवजन्तु र पन्छी हेर्न झुम्मिने गरेका छन्। कचनकवलको दुर्गाभिट्टा सामुदायिक वन र कनकाईको जामुनबारी सामुदायिक वनमा वन्यजन्तु उद्धार केन्द्र रहेको छ। सर्वसाधारण तथा डिभिजन वन कार्यालयले अन्यत्रबाट उद्धार गरेका जङ्गली पन्छी र जनावरहरु संरक्षणका लागि यिनै उद्धार केन्द्रमा पठाउने गरेको कचनकवलस्थित दुर्गाभिट्टा सामुदायिक वनका अध्यक्ष धनराज गुरुङले बताए।

कोशी प्रदेशका तीनवटा मिनी चिडियाखानामध्ये दुईवटा मोरङ र एउटा सुनसरीमा छ। बेलबारीको बेतना सिमसार सामुदायिक वन, पथरी शनिश्चरेको मनकामना सामुदायिक वन र धरानको हरियाली सामुदायिक वनमा वनभोज र नौका बिहारसँगै मिनी चिडियाखाना छ।

कोशी प्रदेशमा तीन हजार ७२१ वटा सामुदायिक वन रहेका छन्।रासस

# जनकपुरधाममा पहिलो पटक अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी हुने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा पहिलो पटक अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी आयोजना हुने भएको छ । मधेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले घरेलु, साना तथा मझौला उद्योगलाई प्रवद्र्धन गर्दै स्थानीय उत्पादनलाई बजार विस्तार गर्ने उद्देश्यले प्रदर्शनी आयोजना गर्न लागेको हो । आगामी कार्तिक २७ देखि ३० गतेसम्म जनकपुरधामको ऐतिहासिक तिरहुतिया गाछीमा आयोजना हुने प्रदर्शनीमा विभिन्न देशका करिब दुई सय कम्पनी तथा संस्थाहरू सहभागी हुनेछन् । सो प्रदर्शनीले स्थानीय उद्योगी, उद्यमीलाई अन्तर्राष्ट्रिय स्तरमा आफ्नो उत्पादन तथा प्रविधि देखाउने अवसर प्रदान गर्नेछ । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री वसन्त कुशवाहाका अनुसार प्रदर्शनीमार्फत मधेश प्रदेशको औद्योगिक सम्भावना उजागर हुनेछ । उनले भने, ‘यस प्रदर्शनीले यहाँका युवा उद्यमीलाई औद्योगिक क्षेत्रतर्फ आकर्षित गर्नेछ । उत्पादनलाई प्रविधिमैत्री, प्रतिस्पर्धी र निर्यातमुखी बनाउन प्रदर्शनी निकै महत्त्वपूर्ण हुनेछ ।’ चार दिनसम्म चल्ने प्रदर्शनीमा उद्योग स्थापनाका लागि आवश्यक अत्याधुनिक मेसिनरी, उपकरण, वित्तीय प्रविधि र व्यवस्थापन प्रणाली प्रदर्शन गरिनेछ । साथै बजार विस्तारका सम्भावनाबारे विशेष परामर्श सत्र, व्यवसाय सञ्चालन सम्बन्धी तालिम तथा कार्यशाला समेत आयोजना गरिने मन्त्रालयले जनाएको छ । स्थानीय उद्योगी उद्यमीलाई व्यवसाय विस्तारमा प्रोत्साहन दिने, नयाँ लगानीकर्तालाई प्रदेशमा आकर्षित गर्ने र वैदेशिक रोजगारीमा निर्भर युवालाई आत्मनिर्भर बनाउन प्रदर्शनी सहयोगी हुने प्रदेश सरकारको विश्वास छ । जनकपुरधाममा यस किसिमको अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी पहिलो पटक हुन लागेको हो । प्रदेश सरकारका अनुसार यो प्रदर्शनीलाई हरेक वर्ष नियमित कार्यक्रमका रूपमा निरन्तरता दिने तयारी समेत गरिएको छ ।

# अर्थ मन्त्रालयको मनपरी आपतकालीन बेलामै बजेट रोक्का



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा सुख्खा र खडेरीको संकटले दैनिक जीवन प्रभावित भइरहेको बेला प्रदेशको अर्थ मन्त्रालयले कानुन विपरीत बजेट रोक्का गरेपछि किसान र सर्वसाधारण थप समस्यामा परेका छन् । आपतकालीन अवस्थामा समेत आवश्यक कार्यक्रम रोकिनु प्रदेश सरकारको कार्यशैलीप्रति गम्भीर प्रश्न उठेको सरोकारवालाहरूको आरोप छ । प्रदेश सरकारले असार २६ गते सुख्खा क्षेत्र घोषणा गरिसकेको छ भने संघीय सरकारले समेत संकटकालीन क्षेत्र घोषणा गरेको छ । तर, भदौ १३ गतेदेखि अर्थ मन्त्रालयले पूर्वजानकारी बिना विभिन्न मन्त्रालय मातहतका निकायका बजेट तथा कार्यक्रमको अख्तियारी रोक्का गरेको हो । विनियोजन ऐन, २०८२ अनुसार बजेट कार्यान्वयन प्रारम्भ हुने दिनदेखि नै अख्तियारी स्वतः लागु हुने प्रावधान छ । तर, यसपटक कानुनविपरीत मनपरी ढंगले रोक्का गरिएको आरोप उठेको छ । ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय र भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका कार्यालयहरूले साउन महिनादेखि नै बोरिङ जडान र खानेपानी आपूर्ति कार्यक्रम सञ्चालन गरेका थिए । तर, बजेट रोक्काले ती कार्यक्रम ठप्प बनेका छन् । यसले खेतमा पानी नपुगेका किसान र दैनिक जीवनमा खानेपानीको अभाव भोगिरहेका सर्वसाधारणलाई सिधा असर पारेको छ । महोत्तरीस्थित एक डिभिजन प्रमुखले नाम नखुलाउने सर्तमा भने, ‘सुख्खा र खडेरीको बेला किसानले बोरिङको माग गरेको अवस्थामा बजेट रोक्काले कार्यालय सञ्चालन असम्भव भएको छ । किसान कार्यालयमै आएर आक्रोश पोख्छन् । तर, हामीसँग केही गर्न सक्ने अवस्था छैन ।’ अर्का डिभिजन प्रमुखका अनुसार साउन महिनादेखि दर्ता भइसकेका बोरिङका मागपत्र प्रक्रिया अघि बढाउन सकिएको छैन । ‘काम शुरु भइसकेको अवस्थामा बजेट रोकिएपछि कार्यालय प्रायः लकडाउनजस्तै बनेको छ,’ उनले भने । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ अनुसार बजेट रोक्का गर्न सकिने भए पनि त्यसका लागि केन्द्रमा आर्थिक संकट वा उच्चस्तरीय मन्त्रिपरिषद्को निर्णय जस्ता आधार आवश्यक हुन्छन् । तर, मधेश प्रदेशमा यस्ता कुनै आधार नरहेको कानुनविद्हरूको भनाइ छ । कानुनविद्हरू भन्छन्, ‘प्रदेश सभा वा मन्त्रिपरिषद्को स्पष्ट निर्णय बिना अर्थ मन्त्रालयले मनपरी ढंगले बजेट रोक्नु गैरकानुनी हो । यस्तो कार्यले बजेट कार्यान्वयन अधिकारकै अपमान भएको छ ।’ यस विषयमा सोध्दा अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले शुरुमा बजेट रोकिएको छैन भन्दै ढाकछोप गर्ने प्रयास गरे ।

तर, प्रमाणसहितको प्रश्न उठेपछि उनले सिँचाइ र कृषि मन्त्रालयका केही कार्यक्रमको अख्तियारी रोकिएको स्वीकार गरे । यस्तै मन्त्रालयका प्रवक्ता उपेन्द्र न्यौपानेले औपचारिक रूपमा कुनै मन्त्रालयको अख्तियारी रोकिएको छैन भने पनि विशेष कार्यक्रमको बजेट रोक्का हुन सक्ने टिप्पणी गरेका छन् । कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख रामचन्द्र यादवका अनुसार पूँजीगत बजेट रोकिएकाले बोरिङ जडान प्रक्रिया अघि बढाइए पनि कार्यक्रम कार्यान्वयन हुन सकेको छैन । यसले सुख्खाले त्रस्त किसानलाई सिँचाइ सुविधा वञ्चित तुल्याएको छ भने दैनिक खानेपानीमा अभाव झेलिरहेका सर्वसाधारण थप मारमा परेका छन् । कानुनविद्हरू भन्छन्, ‘अख्तियारी रोक्ने अधिकार कार्यपालिकामा नभई प्रदेश सभामा मात्र छ । अर्थ मन्त्रालयले कानुन विपरीत गरेको यो कदमले शासन प्रणालीमै शंका उत्पन्न गरेको छ ।’ सुख्खा र खडेरीबीच संघीय र प्रदेश सरकार दुवैले राहत घोषणा गरिसकेको अवस्थामा बजेट रोक्का हुनु किसान र सर्वसाधारणप्रति राज्यको संवेदनशीलता नदेखिएको ठाडो उदाहरण भएको भन्दै सरोकारवालाहरूले तत्काल कदम सच्याउन माग गरेका छन् ।

# प्रधानमन्त्रीले गरेको वाचा पनि पुरा भएनः अध्यक्ष ठाकुर



**मधेशदृष्टि**
**सप्तरी ।**
लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) का अध्यक्ष महन्थ ठाकुरले जनसंख्याको आधारमा प्रदेशलाई बजेट हाल्नु आवश्यक रहेपनि सबभन्दा बढी जनसंख्या रहेको मधेश प्रदेशलाई कम बजेट पठाएर उपेक्षा गर्ने गरिएको आरोप लगाएका छन् । संघीय लोकतान्त्रिक मोर्चाको बुधबार राजविराजमा हुने जनजागरण अभियानलाई सम्बोधन गर्न मंगलबार राजविराज आइपुगेका लोसपा अध्यक्ष ठाकुरले पत्रकार सम्मेलनको आयोजना गरी यस्तो आरोप लगाएका हुन् । ‘मधेशबाट उठ्ने गरेको राजश्वको २० प्रतिशत रकम पनि मधेश प्रदेशमा पठाइदैन,’ उनले भने, ‘संघीय सरकारबाट यसरी नै उपेक्षा गरिरहे मधेश प्रदेश अझै पछाडी पर्ने निश्चित छ ।’

काठमाडौं बसेर मधेशलाई अन्नको भण्डार भन्ने गरिए पनि सबैभन्दा बढी कृषि क्षेत्र समेत रहेको मधेश प्रदेशलाई उपेक्षित गर्दा निकट भविष्यमा खाद्यान्न संकट आउन सक्ने भन्दै उनले चिन्ता समेत व्यक्त गरे । मधेशका जनताले पिउने पानी समेत नपाइरहेको अवस्थामा खेतीपातीको काम कसरी सम्भव भएहोला भन्ने कुराको सहजै अनुमान गर्न सकिने उनको कथन छ ।

सुख्खाग्रस्त मधेश प्रदेशको अवस्था बुझ्न केही साता अघिमात्र मधेश प्रदेश आएका प्रधानमन्त्री ओलीसँग आफू पनि सँगै रहेको स्मरण गर्दै उनले त्यही बेला प्रधानमन्त्रीले घोषणा गरेको ५ सय डिप बोरिङ्ग दिने कुरा पनि अहिलेसम्म शुरु नभएकोमा असन्तुष्टि व्यक्त गरे । उनले केन्द्रमा दुई ठुला दलको बहुमतको सरकार रहेकोले २०८४ सम्म चल्ने बताउदै लोसपा सरकारमै रहेर जनताको पक्षमा काम गर्ने स्पष्ट पारे । पत्रकार सम्मेलनमा लोसपाका बरिष्ठ उपाध्यक्ष जयप्रकाश ठाकुर, जिल्ला अध्यक्ष सुनिल झासहित पार्टीका नेता कार्यकताहरुको उपस्थिति थियो ।

# इलाका प्रशासन कार्यालय माग गर्दै प्रदर्शन





**राजिव साह**
**सर्लाही ।**
सर्लाहीको गोडैतामा इलाका प्रशासन कार्यालय स्थापना हुनुपर्ने माग गर्दै मंगलबार सदरमुकाम मलंगवामा स्थानीय बासिन्दा, जनप्रतिनिधि र सर्वपक्षीय संघर्ष समितिहरूले विरोध प्रदर्शन गरेका छन् । बलराको सट्टा गोडैतामै इलाका प्रशासन कार्यालय खोल्नुपर्ने मागसहित पब्लिक मावि, मलंगवा–२ बाट शुरु भएको ¥याली जिल्ला प्रशासन कार्यालयसम्म पुगेर नाराबाजी गरिएको थियो । सो अवसरमा प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र पनि बुझाइएको छ ।

यसैबीच, गृहमन्त्री रमेश लेखक वीरगंज आएको अवसरमा पनि संघर्ष समितिले गोडैतामै कार्यालय स्थापना गर्न माग गर्दै ध्यानाकर्षण पत्र बुझाएको छ । मन्त्रिपरिषद्को भदौ ९ गतेको बैठकले बलरामा कार्यालय स्थापना गर्ने निर्णय गरेकोमा सो निर्णय पाँचवटै पालिकाका जनताको सुविधा र सुरक्षाको दृष्टिकोणले अनुपयुक्त रहेको उल्लेख गरिएको छ । भारतको सीमा नजिक भएकाले सुरक्षाका दृष्टिले संवेदनशील मानिने यो क्षेत्रमा गोडैता नगरपालिका–७ बिच भागमा पर्छ भन्ने तर्क गर्दै कार्यालय त्यहीं खोल्न माग गरिएको हो । सर्वपक्षीय ध्यानाकर्षण पत्रमा सर्लाही क्षेत्र नं. ४ ‘क’ का प्रदेशसभा सदस्य वीरेन्द्रप्रसाद सिंह, क्षेत्र नं. ४ ‘ख’ का प्रदेशसभा सदस्य फकिरा महतो, गोडैता नगरपालिकाकी कार्यवाहक मेयर अञ्जना कुशवाहा, विष्णु गाउँपालिका अध्यक्ष जवाहरलाल राय र धनकौल गाउँपालिका अध्यक्ष रामआश्रय साह लगायतका जनप्रतिनिधिहरूले हस्ताक्षर गरेका छन् । हाल जिल्लाको दक्षिण–पश्चिम क्षेत्रमा पर्ने गोडैता, विष्णु, बलरा, रामनगर र धनकौलका स्थानीयवासीहरू प्रशासनिक सेवा लिन मलंगवास्थित जिल्ला प्रशासन कार्यालय धाउन बाध्य भएका छन् ।




# प्रेस मञ्च मधेश प्रदेशको अध्यक्षमा पुनः यादव



**मधेशदृष्टि**
**सिरहा ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालको शुभेच्छुक संस्था प्रेस मञ्च नेपालको मधेश प्रदेश समितिको दोस्रो अधिवेशनबाट पुनः अभरेन्द्र यादवलाई अध्यक्षमा चयन गरिएको छ ।

सिरहाको मिर्चैयामा सम्पन्न अधिवेशनले दुई दिनको छलफलपछि २१ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । नवगठित समितिमा अध्यक्षमा अभरेन्द्र यादव (सिरहा) पुनः चयन भएका छन् भने मुख्यसचिवमा प्रवेश कुमार मिश्र (सप्तरी) चयन भएका छन् । समितिले उपाध्यक्षमा रामहृदय यादव (धनुषा) र माला राय (धनुषा)लाई जिम्मेवारी दिएको छ । त्यस्तै, सचिवमा नागेन्द्र यादव (महोत्तरी) र प्रभा कुमारी यादव (पर्सा) रहेका छन् ।

समावेशी सचिवका रूपमा राम पुकार राउत (रौतहट) र सरोज कुमार यादव (सर्लाही) चयन भएका छन् । कोषाध्यक्षको जिम्मेवारी राजेश कुमार सिंहलाई दिइएको छ । २१ सदस्यीय समितिमा उमेश यादव (रौतहट), राजेश प्रसाद यादव (बारा), शितल साह (सिरहा), ओमप्रकाश यादव (सिरहा), विनय कुमार अधिकारी (धनुषा), ब्रह्मानन्द ठाकुर (धनुषा) र मेवालाल यादव (रौतहट) सदस्यका रूपमा चयन भएका छन् । महिला सदस्यका रूपमा रश्मी पटेल (रौतहट) छन् भने आदिवासी जनजाति तर्फ जितेन्द्र सिंह दनुवार (सिरहा) र ज्ञानेश्वर मण्डल (सर्लाही) चयन भएका छन् । मुस्लिम सदस्यको कोटाबाट साविर आलम चयन भएका छन् । निर्वाचन समितिका सदस्य शिव अधिकारी यदुवंशीका अनुसार मधेश प्रदेशका आठै जिल्लाका प्रतिनिधिहरू र अन्य प्रदेशका जिल्ला तथा केन्द्रिय पार्षदहरूको सहमतिमा अध्यक्षमा अभरेन्द्र यादव सर्वसम्मत चयन भएका हुन् । ‘दुई पक्षीय सहमतिका आधारमा समितिको गठन भएकाले यसलाई सर्वसम्मत निर्णय मानिएको हो,’ यदुवंशीले भने । अधिवेशनको समापन समारोहमा प्रेस मञ्च नेपालका अध्यक्ष कमन देवान, कार्यवाहक अध्यक्ष मनोज कुमार यादवसहितका केन्द्रीय पदाधिकारीहरूको उपस्थिति रहेको थियो । नयाँ समिति चयनसँगै प्रेस मञ्च मधेश प्रदेश समितिले पूर्णता पाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन